# प्रदेश सभा
# गण्डकी प्रदेश
# नवौं अधिवेशन २०७८
# (छैटौं बैठक)
# (२३ चैत्र २०७८, दिनको १.०० बजे)

प्रदेश सभा, गण्डकी प्रदेशको विशेष अधिवशनको आजको वैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा विहान १ वजेर १४ मिनेटमा प्रारम्भ भयो ।

## <u>बैठकको काम कार्यवाहीको सम्पूर्ण विवरण</u>

**माननीय सभामुखः** माननीय सदस्यहरु आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु सर्वप्रथम शुन्य समय प्रारम्भ हुन्छ। शुन्य समयमा बोल्न चाहने माननीय सदस्यहरुको लागी १ मिनेटको समय निर्धारण गरेको छु। निर्धारित समयभित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाइ राख्नु हुन अनुरोध गर्दछु। सर्वप्रथम माननीय सदस्य श्री गायत्री गुरुङ कास्की ।

**माननीय श्री गायत्री गुरुङ (नेकपा माओवादी केन्द्र)ः** माननीय सभामुखज्यू अब हामी नयां आर्थिक वर्षको संघारमा आइराखेका छौं । त्यसले गर्दाखेरी अब नयां बन्ने बजेटमा एउटा महिला मैत्री वजेट आउनु सकोस । यो सम्मानित सदन मार्फत म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्य श्री विष्णु प्रसाद लामिछाने (नवलपरासी)।

**माननीय श्री विष्णु प्रसाद लामिछाने (नेपाली कांग्रेस)**:- सभामुख महोदय नवलपरासी जिल्ला निर्वाचन क्षेत्र नं.२ क को मेरुदण्डको रुपमा रहेको झ्यालवास, ककुवा डेढगाउं सडक गत बाढी पहिरोबाट विग्रन गै ठुलो क्षति पुगेको र हालसम्म पनि यातायात बन्द रहेको छ। जसको कारण नवलपुर, पाल्पा, तनहुं र स्याङजाका केहि भागलाई प्रत्यक्ष असर पुगेको छ। हाल उक्त सडकमा हुप्सेकोट गाउं पालिका, बौदीकाली गाउंपालिकाको तर्फबाट मर्मत कार्य भैरहे पनि मर्मतको लागि विनियोजित रकमबाट काम सम्पन्न हुन नसकेको हुंदा उक्त बाटो मर्मत गरी यातायात सुचारु गराउनको लागी थप बजेटको व्यवस्थाको लागी माननीय सभामुखज्यू मार्फत प्रदेश सरकारको ध्यान आकर्षण गराउंछु। धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्यहरु शुन्य समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहि समाप्त हुन्छ । माननीय सदस्यहरु अब विशेष समय प्रारम्भ हुन्छ । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ-आफ्नो स्थानबाट आ-आफ्नो भनाइ राख्न हुन अनुरोध गर्दछु ।सर्वप्रथम माननीय सदस्य श्री रामशरण बस्नेत समय ७ मिनेट ।

**माननीय श्री रामशरण बस्नेत (नेकपा एमाले)**:- सभामुख महोदय परमादेशी गठबन्धन सरकारका प्रगतिहरु निकै भै रहेकाछन। आजसम्म आइपुग्दा पेट्रोलको मुल्य १६० पुगेको छ। डिजेल १४३ पुगेको छ। एलपी ग्यांस १६०० पुगेको छ। मुलुकको अर्थतन्त्र कमजोर हुदै राष्ट्र असफल दिशातिर धकेलिइरहेको छ। राज्यका सवै अङ्गहरुलाई सिथिल बनाइएको छ र विकास निर्माणहरु ठ्याप्प भएका छन। संघीय सरकारको त्यहि अनुशरण गर्दै प्रदेश सरकार पनि त्यतैतिर उद्धत छ। व्यापक योजनाहरुमा रकमान्तर गरिएकोछ। अघि भर्खरै साथीहरुले उठाइरहनुभएको छ गत वर्ष बाढि पहिरोबाट बन्द भएका सडकहरु अहिले पनि अवरुद्ध छन। जनताको जनताले क्षतिपूर्ति केहि पाइराका छैनन । विगतका राम्रा योजनाहरुलाई अलपत्र पारिएको छ। मन्त्रालय यसै पनि बढाइएको थियो झन बढाइएको छ। गाडिहरु खरिद गरेर चिल्ला गाडिहरुमा सरकारका पारिवारिक सदस्यहरु नै चिल्ला गाडिमा आन्नदसंग घुमघाममा ब्यस्त छन र सरकार अघिल्लो सरकारले नियुक्ति गरेका मान्छेहरुलाई स्पष्टिकरण

सोध्ने, जागिरबाट निकाल्ने काममा समेत यो प्रदेश सरकार लाइरहेको छ। मैले प्रदेश सरकारलाई धेरै सुझाव दिन चाहन्न। किनभने आज प्रदेश सरकारका मन्त्रीहरु कुनै त्यस्तो ठुलो ग्रेटवाल हैन एउटा आइटि पार्कका पर्खालहरु सिलन्यास गर्न कुदिरहेका छन र म यदि सिलन्यास गर्ने हो भने म प्रदेश सरकारका मन्त्रीहरुलाई भन्न चाहन्छु। तपाइहरुले विनियोज गरेको १ लाखे २ लाखे ५ लाखे १० लाख सम्मका योजनाहरु लगभग झण्डै १६०० जति छन। ती योजनाहरु सिलन्यास गर्न जानोस। होइन भने थोरै थोरै पैसाबाट खानेपानीको क्षेत्रमा ५ देखि २० लाखसम्म सयौं योजनाहरु सम्पन्न हुन सक्नेछन। ती योजनाहरुमा वजेट विनियोजन गर्नोस र म तपाईहरुलाई सल्लाह दिन चाहन्छु। जनताले तत्काल पानी खान पाउंछ । एक घर एक धाराको अभियान विजोडसंग भनेको निरन्तर अगाडि बढनु पर्छ र उदघाटन कार्यक्रममा जानका निम्ति म हार्दिक अनुरोध गर्छु। अब तपाईहरु सिलन्यास होइन तपाईहरुलाई थाहा छैन भने यहां यहि प्रदेशमा हाम्रा पालामा शुरु गरेका झोलुङ्गे पुलहरु थुप्रै छन् ती झोलुङ्गे पुलहरु उदघाटन गर्न जानोस। सडकहरु चिल्ला भएका छन कालोपत्रे भएका छन् ती उदघाटन गर्न तपाइहरु जानोस र मलाई लाग्छ आज ६ महिना वितिसकेकोछ। मान्छेहरुले काम सम्पन्न गरेका छन। पैसा पाइएका छैनन। ठेकेदारले पैसा नपाउंदा आज त्यहांका कामदारहरुले पैसा पाइरहेका छैनन। साना भन्दा साना दैनिक मजदुरी गर्नेहरुको आज उनीहरुले पिडा भोग्नु परिरहेको छ। सरकार खाली उद्धत छ। के मानेमा छ गाडी किन्नमा उद्धत छ के मानेमा छ रकमान्तर गरेर नयां योजना हात हालेर भोट आउंछकी भन्ने त्यो सोचमा गलत बाटोमा सरकार लाइराखेकोछ। त्यसो भएको कारणले म सरकारलाई भन्न चाहन्छुकी बहुवर्षिय योजनाहरु अब पैसाका कारण यहां यो गण्डकी प्रदेशमा थुप्रै बहुवर्षिय योजनाहरु सत्ता पक्षमा बस्ने माननीयज्यूहरुले खुसुखुसु भन्नु भएको भए थाहा छैन सदनमा उठाउनु पर्ने बेला भएको छ र सवै बहुवर्षे योजनाहरु लगभग बनेका नअगाडि बढने स्थितिमा सरकार छ त्यो ठुलो भोलमको रुपमा वजेट अहिले रकमान्तर गरिरहेको छ। त्यसो भएको कारणले गर्दा म सरकारलाई सरकारको ध्यान आकर्षण गर्न चाहन्छु फेरी जोड दिएर भन्न चाहन्छु। अघिल्ला योजनाहरुलाई तपाइहरुले निरन्तरता दिनोस। निरन्तरता दिनुभयो भने तत्काल उपलव्धि हासिल हुन्छ। जनताले

उपभोग तत्काल गर्न पाउंछन। चाहे सडक होस चाहे सडक पुल होस चाहे झोलुङ्गे पुल होस । झोलुङ्गे पुलहरु एकदम विकट वस्तीमा बर्षौं मान्छेहरुलाई खोलाले बगाउने ठाउंमा जुन विनियोजन गरेको थियो अघिल्लो सरकारले वजेट टेण्डर गर्न बांकि थियो। यी सवै झोलुङ्गे पुलहरु विशेषत यो चुनर्मि मेरो निर्वाचन क्षत्र चुमनुब्री गाउँ पालिकाका पुलहरु काटिएका छन र ती पुलहरुलाई पुन सरकारले ध्यान दिन जरुरत छ ।गोर्खाको धार्चेमा जहां मोटरबाटोले नै छुवाएको थिएन। बलबल्ल नयां ट्र्याकहरु त्यहां ओपन हुंदै थिए। ती सवै पैसा ती सडकहरुमा परेका सवै पैसाहरु काटिएका छन। सरकार भै सकेपछि सरकार टाउर बन्न सक्नु पर्छ। धेरै टाढाटाढा सम्म देख्न सक्नु पर्छ। कहां दुर्गम वस्ती हो ? कहांको पैसा काटने कहांको नकाटने भन्ने कुरो सरकारले ध्यान दिन जरुरत छ। त्यो ध्यान नदिइकन आंखा चिम्लेर जुन काम भैरहैको छ यो देश यो प्रदेशको हितमा छैन। प्रदेशवासीको हितमा छैन। दुर्गम क्षेत्र र बोल्न नसक्ने जनताका निम्ति त्यो हितकर छैन । यही कुरा राख्दै म सरकारलाई तुरुन्तै बजेट आउंदै छ बजेट बनाउने तपाइहरुले हो। असजिलो हुन सक्छ त्यो वेला पनि याद गर्नोस मनपर्दि गर्ने छुट कोहिको पनि कसैलाई पनि छैन। नैतिकताको ख्याल गर्नुपर्छ र सोच्नु पर्छ मैले ठिक काम गरेकी गरेन भन्ने कुरो सरकारमा बस्नेहरुले सोच्न र सुध्रिनका निम्ति म अनुरोध गर्न चाहन्छु र तपाईहरुले जुन विनियोजन गरेका वजेटहरु छन् त्यो अत्यन्त विभेदकारी छ। विभेदको अन्त्यका निम्ति हामी जनताका प्रतिनिधिहरुले आवाज उठाउनु थियो। आज आएर सरकारमा बसेर त्यही विभेदका काम गरिन्छ भने यो अन्यायपूर्ण हुन्छ त्यसको नेकपा एमालेले शसक्त प्रतिकार गर्छ सदनमा गर्छ र भोलिका दिनमा पनि गर्छ यो कुरो राख्दै मेरा भनाइ यही अन्त्य गर्छु हवस् धन्यवाद ।

**माननीय सभामुखः** माननीय सदस्य श्री राजीव पहारी समय ७ मिनेट ।

**माननीय श्री राजीव पहारी (नेकपा एमाले)** माननीय सभामुख महोदय, नेपाल सरकारका सम्मानिनय प्रधानमन्त्री शेर बहादुर देउपाले चैत १८ गते देखि चैत २० गते सम्म छिमेकी मुलुक मित्र राष्ट्र भारतको भ्रमण गर्नु भयो । यो भ्रमणले सम्पूर्ण नेपालीहरुको र नेपालकै शिर विश्वसामु निहुरिने काम भएको छ । वहां नेपाल सरकारको प्रधानमन्त्री

भएर भारतको भ्रमणमा जानु भएको भन्ने हामीले ठानेका थियौं तर कसलाई के को धन्दा कसलाई के को धन्दा कसलाई खानकै धन्दा भने जस्तै यो जनताको जनादेशबाट हैन अदालतको परमादेशबाट सेटिङ्गबाट बनेको सरकार भएर होला वहांले आफ्नो भ्रमण चाहिं भारतीय जनता पार्टिको कार्यालयबाट गर्नुभयो। पछि नेपाली कांग्रेसको एउटा विज्ञप्ति निस्क्यो वहां नेपाली कांग्रेसको पार्टि अध्यक्ष भएको कारणले सभापति भएको कारणले भारतिय जनता पार्टिको कार्यालयको भ्रमण गर्नु भएको हो भन्नु भयो। वहां भारत भ्रमण कांग्रेसको पार्टि सभापतिको हैसियतले गर्नु भएको थिएन। नेपाल सरकारको प्रधानमन्त्रीको हैसियतले गर्नु भएको थियो।कंग्रेसको विज्ञप्तिमा काग्रेसका पार्टि सभापतिको नेतृत्वमा नेपाली कांग्रेसको टिमले विजेपीको पार्टि कार्यालयको भ्रमण गर्यो भेटघाट गर्यो । त्यहां अरु २ जना पनि देखेथे ठ्याक्कै नाम र पार्टिको त आएन एक जना के भुषाल भन्ने माननीय मन्त्री देखेथें अर्को के खतिवडा भन्ने पनि देखेथें। देखीयथ्यो वहांहरुले कहिलेदेखि पार्टि चेन्ज गर्नु भएछ । कि गठवन्धन गठबन्धन भनेको पार्टि नै विलयीकरण भएको हो की के हो त्यो जान्नी कुरो भएन। यसले सिङ्गो कुटनैतिक मर्यादाको ठाडो उल्ङघन भएको छ सिमाको उल्ङघन भएको छ र प्रधानमन्त्री शेर बहादुर देउपाको यो जुन ढङ्गबाट भारतीय जनता पार्टिको कार्यालयमाको भ्रमण भयो त्यो चाहिं पर निर्भरता र दासपूर्ण सोच मानसिकता हो। किनभने देश भन्ने कुरो कुनै ठुलो सानो हुंदैन र देशको प्रतिनिधित्व गरेर गएको एउटा व्यक्तिले जुन खालको त्यो क्रियकलाप यो सिङ्गो नेपाल र नेपालको स्वाभिमान माथिको चैं पनि माथिको एक खालको प्रहार पनि हो।तपाइ हामी देख्न सक्छौं । प्रधानमन्त्री त्यही पद हो। सरकार त्यही नेपाल सरकारै हो। हिजो केपी ओली प्रधानमन्त्री हुंदा भारतले नाकाबन्दी लगाइ रहेको थियो। तत्कालिकन सम्माननीय प्रधानमन्त्री केपी ओलीले के भन्नुभो जवसम्म भारतले यो नाकाबन्दि खुला गर्दैन तवसम्म म भारतको भ्रमण गर्दिन भनेर भन्नु भयो त्यो अडान राख्नुभयो र भारतले बाध्य भएर नाकाबन्दि खुलाउनु पर्यो। त्यसपछि मात्र वहांले भारतको भ्रमण गर्नु भएको थियो। अझ त्यो भ्रमणको क्रममा चुच्चे नक्सा हरायो। हिजो केपी ओली प्रधानमन्त्री हुंदा भारतले लामो समयदेखि अतिक्रमण गरेको कालापानी लिपुलेक, लिम्पियाधुरा सहित समेटेर तत्कालिन नेपाल सरकारले नक्सा जारी

गरेको थियो। त्यसलाई संसदबाट सर्वसम्मतढङ्गबाट पारित गरेको थियो। अहिलेत त्य चुच्चे नक्सा नै गायव हुने काम भयो। यो अव अझसम्म ४ दलिय गठबन्धन अदालतको सेटिङ्ग भनेको वाहिरको पनि त्यो ठाउंले पनि भूमिका खेलेको भएर यसको चाकडिको यसमा गठबन्धन रैछ सायद त्यो परमादेशबाट सरकार बनाउने कुरामा बाहिरी शक्तिले पनि त्यो ठाउंले पनि भुमिका खेलेको भर त्यसको चाकडिको निम्ति नेपाल सरकारका प्रधानमन्त्रीले यो कुटनैतिक मर्यादालाईनै उल्लङघन गरेर गएको की भन्ने मलाई लाग्छ। अव अर्को कुरा अघि माननीय रामशरण बस्नेतले यहां धेरै कुरा राखिसक्नु भएको छ। सरकार छ भन्ने कुरा प्रदेश सरकार छ भन्ने कुरा जनताले केहिनकेहि चिजमा त्यो अनुभूति गर्नु पर्यो। अघि कुरा पनि आइसक्यो विकास निर्माणहरु ठप्प छन बहुवर्षिय योजनाहरुले पैसा नपाएको अवस्था छ। अव यो पेट्रोलियम पदार्थको त मूल्य बृद्धि दिनप्रतिदिन भएको छ। नयां नयां रेकर्डहरु कायम भएकोछ। जनताका दैनिक उपभोग्य खाद्य लगायतका अन्य सामाग्रीहरुको मुल्यबृद्धि एकदम तिव्र गतिले भैरहेकोछ। यस्ता काममा सरकार कहां छ ? आज जनताले सरकार खोजिरको अवस्थाछ। मैले यसमा सरकारको गम्भिरतापूर्वक ध्यान आकिर्ष्ट गराउन चाहन्छु र हामी प्रतिपक्ष नेकपा एमाले प्रतिपक्ष पार्टिमा अहिले हामी छौं।हामीले राम्रा कामलाई समर्थन पनि गर्छौं यो सदनबाट नै हामीले समर्थन गरेका छौं। जसरी मैले बोल्दाखेरि पनि त्यो बल्डमा निशुल्क गर्यो त्यो राम्रो हो भनिएको थियो । अब अहिले अघिल्लो सरकारले तत्कालिक मुख्यमन्त्री पृथ्वी सुब्वा गुरुङ मुख्यमन्त्री हुंदाखेरी कोरोना संक्रामक तथा सरुवा रोग अस्पताल जुन अस्पताललाई सम्मान गर्ने काम पनि गरेको थियो अघिल्लो सरकारले तपाइ हामी सवैलाई थाहा छ। कोभिड १९ को नियन्त्रण गर्नको निम्ति रोकथाम गर्नको निम्ति उपचार गर्नको निम्ति त्यो हस्पिटलले धेरै महत्वपूर्ण भूमिका खेलेको थियो। तर आज त्यही अस्पताल जुन हस्पिटलमा तपाईं हामी सवै माननीयहरु पनि गएकाछौं त्यहां हामीले पिसिआर टेस्ट गर्नदेखि लिएर सवै हामी गएका छौं हैन अव त्यो हस्पिटल जुन गण्डकी प्रदेशकै एउटा अनुकरणिय र उदाहरणिय हस्पिटल छ र सरकारबाट सम्मानित पनि भएकोछ अव त्यस्तो हस्पिटल र त्यो हस्पिटलका व्यवस्थापन समिति त्यसका उच्च पदस्थ कर्मचारीहरु जिम्मेवार पदाधिकारीहरुलाई सरकारले बधाइ दिनु पर्ने थप

सम्मान गर्नुपर्ने ठाउंमा यो यहांको व्यवस्थापन समितिलाई किन कारवाही नगर्ने भनेर सोध्ने स्पष्टिकरण सोध्ने काम गरेको छ। यो प्रति म सरकारको गम्भिरतापूर्वक ध्यानआकिर्ष्ट गराउन चाहन्छु। राम्रो कामको एपिसेड गर्ने सम्मान गर्ने गल्ति कमिकमजोरी भएका छन भने तेस्लाई कारवाहिको दायरामा ल्याउने। अब राम्रो काम गर्नेलाई आग्रह राखेर दण्ड दिने खालको कामको यो अन्त्य गरियोस र अर्को अन्तिममा यो शेर बहादुर देउपाको भ्रमणले सम्बन्धले नयां उचाइ प्राप्त गर्यो भने यो उचाइ भनेको कस्तो हो माथि माथि प्लाइङ फ्लाइङ होकी कस्तो खालको उचाइ प्राप्त गरेको माथिमाथि एकदम उदण्ते खालको बतासे खालको उचाइ प्राप्त गरेको के हो ? सम्भवत पहिलो पटक संयुक्त प्रेस विज्ञप्ति पनि पत्रकार सम्मेलन मार्फत संयुक्त प्रेस विज्ञप्ति पनि जारी भन्। हिजो केपी ओली प्रधानमन्त्री हुंदा राजकीय भ्रमण हुन्थ्यो। अहिले त्यो खालको पनि भएन सामान्य खालको भ्रमण भयो। यो भारतले नेपाललाई यति धेरै यो यि मेरै मान्छे हुन मैले बनाएका हुन भनेर होकी के हो। यो खालको जुन देखिएको छ । तेले हामी सवैको शिर गिराउने काम गरेको छ । यो तर्फ म प्रदेश सरकार मार्फत संघ सरकारको गम्भिरतापूर्वक ध्यानआकर्षण गराउन चाहन्छु। धन्यवाद।

**माननीय सभामुखः** माननीय सदस्य श्री प्रभा कोइराला समय ७ मिनेट ।

**माननीय प्रभा कोइराला (नेकपा एमाले):** सभामुख महोदय, संघमा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीको सरकार र गण्डकीमा पूर्व मुख्यमन्त्री पृथ्वी सुव्वा गुरुङको नेतृत्वको जनप्रिय सरकारलाई जवर्जस्ती हटाएर परमादेशी कम्फर्टेवल सरकारको गठन पश्चात जनपक्षिय कामको त कुरै छाडौं सरकार परिवर्तन पश्चात मुलुकको अर्थतन्त्र इतिहासमै गम्भिर संकटतर्फ धकेलिएको छ। परमादेशी सरकार गठन पूर्व २.९ प्रतिशतमा सिमित उपभोक्ता मुद्रा स्फिर्ति बर्तमान सरकार गठन भएको लगतै केही महिनामै ७.१ प्रतिशतले बृद्धि हुनु प्रतिव्यक्ति आयमा तिव्र गिरावट आउनु सर्वसाधारणको दैनिक जीवनसंग सम्बन्धित ध्यू, तेलमा मूल्य बृद्धि एक्कासी बढेर २१ प्रतिशतले बृद्धि हुनु, तरकारी दाल गेडागुडीको मूल्य आकाशिनु, मूल्य बृद्धिकै कारण सिमेन्ट छड आदिको मूल्य बृद्धिले

पूर्वाधार निर्माणमा सहज नहुनु ,ग्यांस लगायत पेट्रोलियम पदार्थको मूल्यत झनै हसैपिच्छे बढाएर जनताको ढाड सेक्ने काम भएको छ।

सभामुख महोदय हुनत विदेशमा पानी पर्दा नेपालमा छाता ओडने प्रचलन छ। त्यसैले एकातिर कालाबजारि व्यापक छ । हरेका वस्तुको कृत्रिम अभाव सिर्जना गरिएको छ। अर्को तर्फ नियमनकारी निकायलाई निष्क्रिय बनाउंदै अनुगमनलाई कमिशन हसुर्ने माध्यम बनाइएको छ। सभामुख महोदय विकासका लागी मन्त्रालयका वोर्ड प्रदेशको राजधानी भरी छापीइरहंदा विनियोजित वजेट काटिएको छ। नयां गर्ने सम्झौता रोकिएको छ।शुरु गरिएका योजना अलपत्र अवस्थामा छन । यतिमात्र हैन सभामुख महोदय सामाजिक सुरक्षा अन्तर्गतका भत्ता विमाजस्ता विषय समयमा उपलव्ध गराउन सकेको छैन। सभामुख महोदय अघिल्लो सरकारले गरेका नियुक्तिहरु गैर कानूनी ढङ्गले खारेज गर्नु अदालतमा विचाराधीन रहेका विषयहरुलाई समेत अवहेलना गरेर नयां नियुक्ति दिने असंवैधानिक र गैरकानूनी काममा यो सरकारले सक्रियता बढाउनुले सरकारको रथ उल्टोबाट गुडेको महसुस भैरहेको छ। सभामुख महोदय अनि सुन्छु यातायातका साधनमा वैज्ञानिक भाडा दर अरे। वैज्ञानिक भाडादर निर्धारण गर्दैछ सरकार कम्फर्टेवल सरकारले वैज्ञानिक भाडादर निर्माण गर्दैछ । देश र जनतालाई कति दोहन गर्छौं सभामुख मार्फत गण्डकी सरकार र संघ सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

**माननीय सभामुखः** माननीय सदस्यहरु विषेश समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यही समाप्त हुन्छ । माननीय सदस्यहरु अव म भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्री श्री कुमार खडकालाई विभिन्न मितिको सभाको वैठकमा माननीय सदस्यहरुले शुन्य र विशेष समयमा उठाउनु भएका प्रश्नहरको जवाफ दिन अनुमति दिन्छु ।

**भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्री श्री कुमार खडकाः-** सभामुख महोदय, प्रदेश सभाका विभिन्न मितिका वैठकमा माननीय सदस्यज्यूहरुले भौतिक पूर्वाधार शहरी विकास तथा यातायात मन्त्रालयसंग सम्बन्धित विषयहरुमा उठाउनु

भएका प्रश्नहरु जिज्ञासाहरु माननीय सभामुखज्यू मार्फत सदनलाई अवगत गराउनलाई म यहां उपस्थित भएको छु। समयका लागी धन्यवाद माननीय सभामुखज्यू। फुस्रेखोलादेखि मट्टिखानसम्मको बाटो निर्माण रोकिएको सम्बन्धमा माननीयज्यूको प्रश्न छ। निर्माण व्यवसायीले समयमा काम नगरेका कारणले गर्दा बारम्बार मन्त्रालयले ताकेता गर्ने मन्त्रालयमा बोलाएर बैठक गर्दाखेरी पनि अटेर गरेर निर्माण कार्यलाई सुचारु नगर्दा पहिलो चोटि होला हामीले उसको ५ करोड रहेको धरोटी जफत गरेर राख्यौं र ७७।११।१ मा यसको म्याद सकिएको स्थिति छ। तर संघको ससर्त अनुदानबाट बन्ने बाटो र कास्कीको एउटा गौरवशाली योजना मध्येको एउटा भएको कारणले पनि यसलाई बचाउन पर्छ भन्ने सरकारको धारणा रह्यो। सौभाग्यवश संघ सरकारले सार्वजनिक खरिद नियमावलीको पछिल्लो संशोधनले यस्ता क्रोनिक ठेक्काहरु तोडने व्यस्थाहरु गरिदिए पछि अहिले भौतिक पूर्वाधार मन्त्रालयले यो ठेक्कालाई चैत मसान्तसम्म थप्ने बैशाखका १५ दिनसम्म उसका कार्यविधि हेर्ने यदि उसले सन्तोषजनक कार्य गर्यो भने यसलाई अगाडि बढाउने यदि त्यसो हुन सकेन भने ठेक्का टर्मिनेट गर्ने स्थितिमा सरकार पुगेको छ। दोविल्ला फलेवास अन्तर्गत मोदिखोला मोटरेवल पुल पर्वतको कुरा छ। दोविल्ला फलेवास अन्तर्गत मोदीखोलाको मोटरेवल पुलको सम्बन्धमा त्यहां १५ टनको मात्र क्षमता त्यो पुलको भएको तर स्थानिय प्रशासनले १५ टन भन्दा बढता क्षमताका एक्साभेटरहरु डोजरहरु चल्ने अनुमति दिएका कारणले पुल क्षतिग्रस्त भएको छ। त्यसका निम्ति मन्त्रालयले ४७ लाखको वजेटको व्यवस्था गरेको छ र तत्कालै त्यसमा क्षति रोक्नाका निम्ति अल्पकालिन र दिर्घकालिन कार्यको निर्देशन भैसक्या छ र अल्पकालिन कार्यको कार्यक्रम तत्काल  शुरु भै सक्या छ र दिर्घकालिन कार्यक्रमहरु अगाडि बढने क्रममा छ । पुम्दिकोट शिव मन्दिर जाने बाटोको कुरा आको छ लेटाङ लुकुमस्वारा वडा कार्यालय पुम्दिकोट सडक भनेर यसको टेण्डर प्रक्रिया प्रारम्भ भैसकेको छ। गलेश्वर पिप्ले भगवती सडक भन्ने छ । एक निर्वाचन क्षेत्र एक सडक अन्तर्गत म्याग्दि जिल्लाको निर्वाचन क्षेत्र नं. १ मा रहेको गलेश्वर पिप्ले भगवती सडकको म्याद ७८/१२/३० सम्म मात्र रहेकोले हालसम्म भौतिक प्रगति ६५.५ प्रतिशतमात्र रहेको छ । ७८/१२/१७ मा निर्माणस्थल भ्रमण गर्दा

निर्माण व्यवसायी कम्पनीका कर्मचारीहरु सवारी साधनका चालक तथा सहयोगीहरु लेवर क्याम्पमा आइसकेको ग्रेडर टिप्परहरु साइडमा रहेको इन्धन अभावका कारण काम सवग्रेड मिलाउने वेस रोक्ने काम शुरु गर्न नसकेको भन्ने निर्माण व्यवसायीको भनाइ रहेको छ। कामको जिम्मा लिएका निर्माण व्यवसायीसंग कुराकानी गर्न बारम्बार मोवाइलमा सम्पर्क गर्ने गर्दा पनि फोन उठाइ रहेका छैनन। कार्यालयबाट विभिन्न मितिमा काममा गति प्रदान गर्न पत्राचार गरिएको छ । मिति ०७८/१२/१७ मा निर्माण व्यवसायीलाई ३ दिन भित्र रियालस्टिक वर्क प्लान्ट पेश गरी काम शुरु गर्न निर्देशन दिएको छ अन्यथा अग्रिम पेश्की कार्यालयले फिर्ता गर्ने कारवाही अगाडि बढाउने भनी पत्राचार गरि सकिएको छ। सिङ्गा मोटरवलपुल पुलको सम्बन्धमा उक्त पुलमा आ.व. ७६/७७ मा ७५ लाख ७७/७८ मा ५० लाख रकम विनियोजन भएको भए पनि पुलको विस्तृत आयोजना प्रतिवेदन डिपिआर तयार भै यस कार्यमा आयोजना प्राप्त नभएकोले निर्माण कार्य अगाडि बढन सकेको छैन। एल आर डि एस यो स्थानिय पुल सडक इकाई पोखराबाट १/२ हप्ताभित्र विस्तृत आयोजना प्रतिवेदन डिपीआर प्राप्त हुने जानकारी हामीलाई प्राप्त भाको छ। काहुंखोला, सिक्लेस, दुधपोखरी सडकका कुरा छन। यसलाई हामीले ठेक्का गरि सक्दा १ जना व्ल्याक लिस्टेड मान्छेको पनि त्यहां निवेदन पर्दा उसको निवेदनलाई हामीले सम्वोधन गर्नु पर्ने होकी होइन भन्ने कानूनी समस्या आइसकेपछि त्यसको निदान गर्नका निम्ति नेपाल सरकारका सचिवले मात्र निर्णय गर्न सक्ने भएको हुंदा गण्डकी प्रदेशका प्रमुख सचिवसंग भौतिक पूर्वाधार मन्त्रालयले पत्राचार गरिसके पछि वहांको सुझाव आएर यो कुरा अगाडि बढि सकेको छ। आज सायद त्यो टेण्डरको विट चाहिं खोल्ने दिन हो। आजका दिनमा कति रुपियांको टेण्डर यो पुलको लागी बाटोको लागि भयो भन्ने कुराको जानकारी प्राप्त गर्न सकिन्छ। हाम्रो सरकार आइसके पछाडि आषाढमा थुप्रै प्रकारका कार्यक्रम संचालन गर्ने कुरामा अक्षय कोष प्रदान गरिएका कुराहरु पनि सदनमा उठेको छ। हामीले फुटबल खेल्ने भलिवल खेल्ने मेला महोत्सव गर्नेमा पनि चालु अनुदान हिजोको सरकारले पनि दिएको छ । हाम्रो सरकारले पनि दिएकै हो। किताव छाप्ने त्यो किताब पनि आफ्नै बारेमा वर्णन गर्ने पनि पैसा हामीले राज्यकोषबाटै दिएर त्यो किताव छापीइरहेको

स्थिति हो।कल्वहरुलाई दिएका छौं । सरकारको निरन्तरता भएको हुनाले पहिला सरकारले गरेको पनि हाम्रो सरकारले गरेको भन्न पर्छ मैले यहां उभिएर ।त्यस्तो ठाउंमा त हामीले अनुदान दिइरहेका छौं भने कोभिडको वेलामा ३/३ वटा एम्बुलेन्स २/२ वटा सववाहन चलाएर जनताहरुलाई ठुलो राहत दिइरहेकालाई जनताले ७०/८० लाख रुपैयां अक्षय कोषमा राखेर केका लागी त भन्दाखेरी एम्बुलेन्स र सववाहन चलाउनका लागी अक्षय कोष खडा गर्दा गण्डकी प्रदेश सरकारले दिएको पैसा त्यो अक्षय कोषमा जांदा मलाई लाग्छ हाम्रो सरकारले गण्डकी प्रदेश सरकारले दिएको चालु अनुदान मध्येको सर्वोत्कृष्ट अनुदान मध्येमा यो पर्छ। यो आलोचना भन्दा पनि प्रशंसाको विषय हुनुपर्थ्यो जस्तो मलाई लाग्छ। निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको अनुगमनमा प्रत्यक्ष निर्वाचित माननीयजी संयोजक भएको भन्ने प्रश्न उठ्याछ। कार्यक्रम छनौट र कार्यक्रम गर्ने प्रयोजनका लागी संयोजक प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य रहने तर अनुगमन समितिमा समानुपातिकबाट निर्वाचित जेष्ठ प्रदेश सभा सदस्य रहने व्यवस्था भएको हुनाले माननीयजीलाई मैले कार्यविधि अलि गहिरिएर अध्ययन गर्नलाई सादर अनुरोध गर्दछु। एउटा कुरा कहां छ त भन्दाखेरी जहां समानुपातिक माननीय हुनुहुन्न प्रत्यक्षको मात्र माननीय हुनुहुन्छ भने अर्को जिल्लाको माननीयलाई अर्को जिल्लामा अनुगमन गर्न हामीले हिजोको दिनमा पठाएर पनि अभ्यास गरिएको हो। त्यसमा हामीले के भन्यौं भन्दाखेरी त्यो क्षेत्रमा समानुपातिक माननीय हुनुहुन्न त्यहां प्रत्यक्ष निर्वाचित माननीयनै संयोजक रहने जिल्ला समन्वय समितिका उपप्रमुख र स्थानिय तहका उपप्रमुख र अनि कार्यलयका ईन्जिनियरहरु डिइ सावहरु हुने हुंदाखेरी यो बढि वेस हुन्छ भनेर त्यसो गरियाछ। समग्रतामा भन्ने हो भने अनुगमन समितिको संयोजक समानुपातिक प्रणालीबाट निर्वाचित हुने जेष्ठ प्रदेश सभा सदस्य नै हुनुहुन्छ। प्रत्यक्ष निर्वाचित हुनुहन्न। अब पुलहरुका बारेमा पनि थुप्रै प्रश्न आएका छन। अव जम्मा गण्डकी प्रदेश सरकारसंग ११० वटा पुल रहेछ। त्यो वार्षिक विकास पुस्तिकामा लेखिएको होस डिपिआर गरिएको होस संचालन नगरिएको होस ७० वटा पुलहरु निर्माणधिन योजनाका रुपमा छन। १२ वटा डिपिआर भएर बसेका छन र २८ वटा डिपिआरको प्रक्रियामा छन। सम्झौता भएका ७० वटा पुल मध्ये त्यसको कुल खर्च ४ अर्व ८९ करोड ६४ लाखको हामीले

अहिले काम गरिराखेका छौं । अब कहांकहां कतिकति पैसा खर्च भयो त पुलमा न्यायिक बजेट वितरणका कुरा पनि उठिरहेका छन।  पुलमा कति न्यायिक वजेट वितरण भयो भनेर पनि मैले सदनलाई अवगत गराउन पर्छ। तनहुं जिल्लामा १२० करोड ४८९ करोड मध्ये तनहुं जिल्लामा मात्र १२० करोडको पुल अगाडि बढेको छ। गोर्खा जिल्लामा १०६ करोड ५५ लाखको १ अर्व ६ करोड ५५ लाखको भएको छ। मैले अघि भनेका २ वटा जिल्लामा मात्र करिव आधा वजेट कुलको खर्च भएको अवस्था देख्छु मैले । कास्कीमा ५४ करोड १८ लाख, लम्जुङमा ५३ करोड ८१ लाख, नवलपुरमा ४० करोड ८५ लाख, स्याङजामा २६ करोड ५४ लाख, बाग्लुङमा २१ करोड २२ लाख, मनाङमा १८ करोड ७३ लाख, म्याग्दिमा १७ करोड ९७ लाख, पर्वतमा १६ करोड ७० लाख, मुस्ताङमा ५ करोड २५ लाखको दरले गको छ । मलाई यही रोष्टमबाट कहिले विशेष समयमा सुन्य समयमा तिम्रो निर्वाचन क्षेत्र २ "ख"   मा बहुत ज्यादा वजेट पारेका छौ भनेर हेर्दा ४ अर्व ८९ करोड ६४ लाखको पुलको वजेट बनाउने सौभाग्य मैले पाउंदा १ रुपियांको वजेट पनि मेरो निर्वाचन क्षेत्र जुन कास्कीको निर्वाचन क्षेत्र २ छ त्यहां रहेनछ । समन्यायिक मैले गर्न नसकेको कुरा भएको छ। झोलुङ्गे पुलका कुरा गर्दा यस वर्षको वजेटमा ३२ वटा झोलुङ्गे पुल बजेटमा लेखिएको छ। ६७ वटा पुलको अभिलेख हामीसंग छ टोटलमा त्यस मध्यमा ६७ वटा मध्यमा केहि पुलहरु सरकारले नै ठेक्का लगाएर गर्ने र एउटा यस्तो संस्था छ अन्तराष्ट्रिय संस्था जो नेपालमा आएर दुर्गम क्षेत्रमा झोलुङ्गे पुलको, खानेपानीको र विद्यालय निर्माणको कामको दायित्व उसले लिएको छ। त्यो संस्थासंग कुरा गर्दा उसले सय वटा सम्म झोलुङ्गे पुल गणढकी प्रदेशमा हामी बनाइ दिन्छौं भनेर आश्वासन दिएका कारणले गर्दा हामीसंग भएका ६७ वटा झोलुङ्गे पुललाई हामीले हाम्रै पालामा सबै झोलुङ्गे पुललाई फछ्यौंट गर्ने र सवै निर्माण प्रक्रियामा जाने सम्भावना म यहांहरुलाई निवेदन गर्न चाहन्छु।

रातो किताबमा राखिएका कार्यक्रमहरु कार्यान्वयन नभएका पनि प्रश्नहरु आइरहेका छन। तर तथ्याङ्कले अर्कै कुरा बोलीराखेको छ। तथ्याङ्कले के भन्छ त भन्दाखेरि वार्षिक विकास कार्यक्रममा साना भनेका १०४९ वटा योजना रहेछन ती

मध्यमा ११६ वटा सम्पन्न भैसकेका रहेछन। सम्झौता भै निर्माणाधिन ७६७ रहेछ। ठेक्का सम्झौताको चरणमा रहेको १११ रहेछ । सम्पर्क हुन नसकेका र विवादमा रहेका योजना संख्या ५५ रहेछ। प्रतिशतमा भन्नेहो भने यो चैत मसान्त पनि लाग्दा नलाग्दा गण्डकी प्रदेश सरकारले टुक्रे योजना भएर सम्पन्न हुन नसकेको भनेर सर्वाधिक चिन्ता जाहेर गरिरहेका योजनाको ९४.७६ प्रतिशत कार्यान्वयनमा गैसकेको ५.२४ प्रतिशत मात्र समस्या भएको र आषाढ मसान्तसम्म वा त्यो भन्दा अगाडि शतप्रतिशत कार्यक्रम सम्पन्न हुने बाटोमा गैरहेको कुरा म सभामुख मार्फत अनुरोध गर्न चाहन्छु। निर्वाचन क्षेत्र पुर्वाधार विकास कार्यक्रमका कुरा गर्दा १०१६ वटा टोटल योजना रहेछन। त्यो मध्येमा ९ वटा सम्पन्न भैसकेका छन। ८४७ वटा सम्झौता भै निर्माणाधिनको अवस्थामा छ। ठेक्का र सम्झौताको चरणमा रहेको १६० वटा छ। ठेक्का र सम्झौताको चरणमा रहेको १६० लाई प्रक्रियमा रहेकोलाई नजोडने हो भने १५.७४ प्रतिशत गर्न बांकी छ। ८४.२६ प्रतिशत हामीले काम अगाडि बढाइ सकेका छौं। यो दुइटै कार्यक्रम उल्लेखनीय प्रगति भएको मैले अनुरोध गर्न चाहन्छु। फेरी प्रश्न आउंछ क्षेत्रवाइज निर्वाचन क्षेत्रवाइज अन्याय भयो कुनै निर्वाचन क्षेत्रलाई अत्याधिक वजेट पर्यो कुनै निर्वाचन क्षेत्रलाई एकदमै कम पर्यो। विशेष गरेर बर्तमान मुख्यमन्त्री, बर्तमान भोतिक पूर्वाधार मन्त्री, वर्तमान अर्थमन्त्रीको क्षेत्रमा धेरै पर्यो भनिन्छ । मैले तथ्याङ्क फेरी यहां निवेदन गर्न चाहन्छु। सवैभन्दा बढता वजेट ७९ करोड ५८ लाख लमजुङ जिल्लाको "ख" निर्वाचन क्षेत्रमा हामीले वितरण गरेका छौं। दोश्रो तनहुंको क्षेत्र नं.२ को "ख" मा ५३ करोड ५५ लाख वजेट विनियोजन भाको छ। गोर्खाको १ "ख" मा ४५ करोड ५५ लाख विनियोजन भएकोछ । गोर्खाको १ "क" मा ३२ करोड ७८ लाख भएकोछ। पर्वतको "ख" मा ३२ करोड १३ लाख, तनहुंको १ "ख" मा ३० करोड १२ लाख, पर्वतको "क" मा २९ करोड ४६ लाख, कास्कीको १ "ख" मा २८ करोड ५ लाख, स्याङजाको २ "ख" मा २७ करोड १४ लाख, बाग्लुङको १ "ख" मा २६ करोड २८ लाख खर्च भएकोछ । यो टप टेन वजेट वितरण गरेकोमा नत माननीय मुख्यमन्त्रीजीको निर्वाचन क्षेत्रमा छ न मेरो निर्वाचन क्षेत्र छ। न माननीय अर्थमन्त्रीजीको निर्वाचन क्षेत्रमा छ यो जे छ न्यायिक वितरणको यो अनुपम

उदाहरण हो। यो अप्रितिम उदाहरण हो भनेर भन्दाखेरी अतियुक्ति हुन्छ होला जस्तो मलाई लाग्दैन। यि केहि तथ्याङ्कका कुराहरु भए । अब मलाई गण्डकी प्रदेश सभामा मैले जैले पनि भन्छु यहांका माननीयहरुको प्रस्तुति मलाई जैले पनि गौरव लाग्छ माननीय सभामुखज्यू । अहिले प्रतिपक्षको बेन्चमा रहनु भएका १ जना माननीयज्यूले माननीय पृथ्वी सुव्वा गुरुङको सरकार गिरेर माननीय कृष्णचन्द्र नेपालीको सरकार बन्दा मलाई एकदमै खुशी लाग्यो । अब त काम हुन्छकी जस्तो लाग्यो भन्नुभो यो नै ठुलो उपलव्धी हो यो सरकारको। जनताले नागरिकले यो पार्टिसंग सम्बन्धित व्यक्तिलेत आशंङ्का गरेका थिए विश्वास गरेका थिए। यो सरकार बनेपछि केही हुन्छ भनेका थिए। सो माननीय प्रतिपक्ष माननीयले धरी यो सरकार बनेपछि मलाई खुशि लाग्यो। आफ्नो सरकार गिर्दा र प्रतिपक्षिकै सरकार बन्दा पनि खुशि माननीयले प्रतपक्षकै माननीय खुशि हुनुहन्छ भने यो सरकारले गलत बाटो समातेको छ जस्तो लाग्दैन तथापी माननीयको त्यो विश्वास जनताको त्यो विश्वास अनुसार धेरै कुरा गर्न छ। म वहांलाई यही रोष्टमबाट तपाइको त्यो सम्मान अझ बढने गरेर तपाईंका ह्रदयमा यो सरकार प्रति अझ बढि सम्मान झल्काउने गरेर थुप्रै काम गर्न पर्ने छ हामी गर्छौं । यो प्रतिवद्धता म तपाईहरुलाई जाहेर गर्न चाहन्छु । केहि प्रश्नहरु यहां तथ्याङ्कलाई जसरी प्रस्तुत गरियो म एकदम आवाद भएं । एकदम सरप्राइज भएं । अनि यो एकदमै पिडाले मेरो ह्रदय भरिएको छ। यस्तो सम्मानित सदनमा लगातार झुठकाझुठ झुठकाझुठ गलत तथ्याङ्क मिथ्याङ्क दिएको दियै गर्न कसरी सकिन्छ जस्तो मलाई लाग्छ। हामीले पनि साढे तीन वर्ष प्रतिपक्ष त भयौंनि त । १६ सय योजना रकमान्तर गर्ने भनेर सभामुख महोदय १६ सय योजना रकमान्तर १६ वटा योजना रकमान्तर गरेको देखाइदिनुसन मलाई। १६ सौ १६ सयमा कति योजना हुन्छ भन्ने कुराको त हामीले ज्ञात गर्नु पर्छनी । एकदमै कपोलकल्पित कुरा एकदम मिथ्या कुरा पटकपटक भनेर चिच्याएर भनेर गलत कुरा सहि हुन्छ भन्ने कुरा म चुनौती दिन्छु सभामुख महोदय मेरो मन्त्रालयले १६०० वटा रकमान्तर गरेको देखाइदिनु भो भने त्यही दिनमा मैले यहां प्रदेश सभाको सदस्य र मन्त्रि २ वटै पदबाट राजीनामा दिन्छु। कहां गरिएछ हामिले ? यो सरकार आएको १० महिना भएन ? एउटा भन्दा वहुवर्षिय योजनाको ठेक्का लगाइएको छैन। एउटा

मात्र। हामीलाई पनि बहुवर्षिय योजना गर्न मन छैन ? जांदाजांदा ५ अर्व १७ करोडको ठेक्का सम्झौता गर्नु भएको होइन? हामीले त्यसलाई पनि अगाडि बढाको होइन? अहिले एउटा मात्र बहुवर्षिय छ। नियममा कानूनमा बसेर सदनले दिएको निर्देशनलाई सिरोधार्य गरेर यो सरकार अगाडि बढेको छ विशेष गरेर भौतिक पूर्वाधार मन्त्रालयले आफ्ना कुरा अगाडि बढाई राखेको छ । एउटै वडामा १३५ करोड १५३ कार्यक्रम पर्यो। कसरी भन्न सक्ने रकमान्तर गरेर पर्यो। त्यसकारणले मेरो निवेदन के छ त भन्दाखेरी अत्यन्त पिडा र द्रवित हृदयका साथमा मैले भन्न पर्छ यो तथ्याङ्क अत्यन्त गलत छ। यस्तो गतल तथ्याङ्कका आधारमा सदनमा बहस गर्न सदनको गरिमा उपयुक्त हुंदैन। हामीले १६ सय वटा कार्यक्रम रकमान्तर गरेको र रकमान्तर गरेर आफ्ना वडामा आफ्ना गाउंमा आफ्ना निर्वाचन क्षेत्रमा आफ्ना प्रदेशमा ती योजना हालेका भन्ने कुरामा कति पनि सत्यता छैन मैले यसका कुरा यति नै निवेदन गरे। गौरवका योजनाहरु रोकिएको भन्ने प्रश्न आकोछ। प्रदेश सरकारले पैसा नदिएका कारणले प्रदेश सरकारका त्रुटिका कारणले कुनै पनि गौरवका योजना रोकिएको छैन। प्रश्न के हो त भन्दाखेरी अहिले निर्माण सामग्रीको भाउ यति चुलिएर गयो कि हिजो ठेक्का हाल्दाखेरिको जिल्ला दररेटका आधारमा स्टिमेट भएको र त्यो अनुसार सम्झौता भएका निर्माण व्यवसायीले हिजोको रेटमा आज बजारको समानको महङ्गिले गर्दा खेरी उनीहरुले  अहिले आफ्नो क्षेत्रमा काम गर्न सकिरहेका छैनन् । रोकिएका कारण त्यस्ता छन् वा निर्माण व्यवसायीका कारणले रोकिएका छन् । हामीले त क्रोनिक भएका ठेक्कालाई अघि नै मैले निवेदन भने क्रोनिक भएका ठेक्काहरुलाई जिवित गर्नलाई धेरै प्रयत्न गरिरहेका छौं । खोलाको पैसा काटेर साना योजनामा हालिएका भन्ने कुरा  पनि यो पोल्टिकल स्टेमेन्ट भन्दा केही होईन यस्तो हामीले गरेका छैनौं माननीय सभामुखज्यू । एउटा कुरा यहाँ के उठ्छ त भन्दा खेरी टुक्रे कार्यक्रम भयो यो सरकारले गर्यो भन्ने कुरा पूर्णतया सत्य छ । यो सरकारले टुक्रे कार्यक्रम ल्याएको त्यो आरोप भन्नुस, प्रसंसा भन्नुस, आलोचना भन्नुस, सुझाव भन्नुस, जे भन्नुभयो भने पनि त्यो सत्य छ । यो सरकारले टुक्रे कार्यक्रम रातो किताब भरी हेर्दा खेरी त्यहाँ टुक्रे कार्यक्रम नै देखिन्छ, तर त्यो किन भयो भन्ने प्रश्नको विवेचना गर्न पर्दैन ? किन भयो त्यस्तो ? मेरो मन्त्रालयको बजेट आठ अर्व त्रिपन्न

करोड सत्र अर्व मैले तिर्न पर्ने छ । त्यो कुर्चिमा बसेर मैले करोड करोडको अरब अरबको योजना दिन सक्छु ? अर्को वर्ष त त्यही लाखका कार्यक्रम पनि दिन सकिने हो की होईन भन्ने प्रकारको त्यो दायित्वको भारले भौतिक पूर्वाधार मन्त्रालय थलो परेको छ । हिजोको सरकारले ठेक्का लगाउँदा खेरी मेरो एक वर्षको बजेट यति हो र बहुवर्षिय कार्यक्रम यति भन्दा बढ्ता गर्यो भने भोलि धान्न सकिन्न राज्यले ठेकेदारले मन्त्रालय घेर्न सक्छन् । सरकार बेङक्रफ्ट हुन सक्छन् भन्ने विचार गर्न पर्थ्योनि त त्यो लेबलमा ठेक्का लगाईदिएका रहेछौं हामीले ठेक्काका फेहरिस्त एकदिन म श्वेतपत्र जारी गरौंला । यति धेरै ठेक्का लगाएर त्यो ठेक्काको भारमा परिसके पछि बहुवर्षिय त एउटा पनि काट्न मिलेन । बहुवर्षिय त हटाउनै मिल्दैन एउटा पनि हटाईएको छैन । कुनै त्रुटीवश प्रिन्ट मिस्टेक भएर एक दुईवटा हटेकालाई पनि हामीले यो वर्षमा फेरी क्यारीओभर अन गरिराखेका छौं । त्यो गर्दा नयाँ सरकार बन्यो नयाँ सरकारसंग ठूलो अपेक्षा भयो मानिसहरुको कार्यक्रम दिनुपर्छ भन्यो सरकारलाई पनि बाध्यता भयो । कार्यक्रम दिउँ करोड करोडको कार्यक्रम दिउँ भने पैसा छैन, त्यो हुँदा खेरी ढुकुटी रित्तै भएका कारणले गर्दा खेरी हाम्रा योजनाका रकम दुब्लाएका हुन् । हाम्रा रहरले टुक्रे बनाएको होईन । यदि आठ अर्ब त्रिपन्न करोडकै बजेट बनाउन पाएको भए भौतिक पूर्वाधार मन्त्रालयले त्यो लाखका पछाडि लाख हटेर करोडका शब्दहरु हुन्थे होलान् । त्यस कारणले गर्दा खेरी केही कमी-कमजोरीहरु हिजोका दिनमा नि भए होलान् र हामीले पनि केही कमजोरी गरेनम भनेनौं। केही कमजोरी हामीबाट भयो तर नियतमा शंका गरेर बस्तुगत समस्याको कारण पत्ता नलगाईक नै हामीले प्रहार गर्दा र प्रहार पनि त्यहाँबाट हुँदा खेरी जहाँ जो मूल छ । त्यो अलिकति विचार गर्नपर्छ जस्तो मलाई लाग्छ । हामीले यो ठेकेदारले पैसा नपाएका कुराहरु यहाँ खुब आईरहेका छन् । म भौतिक पूर्वाधारको नेतृत्व गर्ने मन्त्री मैले मेरो सचिवलाई सोधे कुन ठेकेदारले पैसा पाएन र यहाँ त एकदम आवाज उठिरहेको छ काम गराउने पैसा नदिने हामी को हो त भन्दा खेरी आई.डि.ओ. को चिफलाई भन्यो आई.डि.ओ. को चिफले भन्यो होईन हामीकहाँ त्यस्तो समस्या छैन भन्छ ।सचिवजीलाई भन्यो मकहाँ त्यस्तो कुरा आएको छैन भन्छन् । म कहाँ कोही मान्छे पैसा पाईएन भनेर आउँदैन । बहालवाला भौतिक

पूर्वाधार मन्त्रीकहाँ पैसा माग्न आउँदैनन् पाईएन भनेर, अनि अरु अरुको ठाउँमा ठेकेदार किन जान्छन्  पैसा माग्न । पैसा पाईएन भनेर आर्तनाद हुनेहरुले त गर्न पर्ने ठाउँ भनेको त हाम्रो आई.डि.ओ. कार्यालय होलानि त, मन्त्रालयको सचिव होलानि त, मन्त्री होलानि त, हामीले यो कुरालाई धेरै एनालाईसिस गर्नुपर्ने आवश्यक छ । रकमान्तर गर्यो रकमान्तर गरेन हो रकमान्तर मैले कहाँ गरेको छु त भन्दा ठेक्काबाट बचेको पैसा अरु योजनाबाट खर्च नभएको  ४६ करोड २८ लाख रूपैयाँ त्यो वहुवर्षिय योजना र त्यसकै ऋण तिर्नका लागि प्रयोग गरेको त्यो मध्येमा ३३ करोड ७४ लाख ६० हजार त्यही ठेक्कामा नपुगेका कोभिडका कारणले रोकिएका कार्यक्रमहरुलाई हामीले प्रदान गर्यौं । ठेक्काबाट बचेको पैसा त मन्त्रालयले नयाँ कार्यक्रम दिने चलन हैन विगतमा । केन्द्रले पनि त्यसो गर्दैन तर यो भौतिक पूर्वाधार मन्त्रालयले के गर्यो त भन्दा खेरी त्यो सम्पूर्ण अधिकांश पैसालाई उसले ऋण तिर्नमा प्रयोग गर्यो । ठेक्कामा बहुवर्षिय ठेक्का लगाएकालाई बढी काम गरेकालाई पैसा तिर्न पुग्यो । तपाईका ठूला मल्टी ईयर प्रोगामहरुलाई हामीहरुले पेश्की दिईरहेका छौं र बिस्तारै बिल आउँदै गर्दा असार सम्ममा हिजो पनि हाम्रो सरकार बन्दा  खेरी दुई अर्ब ६८ करोड भौतिक पूर्वाधार मन्त्रालयले अर्थसंग मागेको रहेछ । हामीले करिब पौने दुई अर्ब रूपैयाँ भौतिक पूर्वाधार मन्त्रालयलयलाई दिएर ऋण तिरेको त्यसकारणले बजेट पूर्ण खर्च नहुँदा त्यो बजेटबाट मिलान गर्ने कुरो यो त सरकारको दायित्व होला नि त आर्थिक योजना मन्त्रालयको अर्थ मन्त्रालयको दायित्व होलनि त।गण्डकी प्रदेश सरकारको त्यसमा माननीय सभामुखज्यू, मार्फत के निवेदन गर्छु त भन्दा खेरी योजनामा गरेर ठेकेदारलाई पैसा नदिएर मेरो सरकार बदनाम होला मेरो प्रदेश बदनाम होला भन्ने चिन्ता गर्नु हजुरहरुले स्वभाविक हो त्यस्तो स्थिति आउन नदिनका लागि सरकार क्रियाशील छ भन्ने कुरा म निवेदन गर्न चाहन्छु । बहुवर्षिय योजना अगाडि नवढेका कुराहरु पनि यो असत्य हो । सबै बहुवर्षिय योजनाहरु अगाडि वढेका छन् । कही सानातिना समस्या आएका छन् गर्दा गर्दा काम रोकिएका छन्, त्यो बाहेक क्रोनिक हुन लागेका ठेक्का बाहेक अरु अगाडि बढिरहेको कुरा म यहाँ निवेदन गर्न चाहन्छु । अब योजनाहरु खाली तिम्रो निर्वाचन क्षेत्रमा, तिम्रो वडामा, तिम्रो गाउँमा, तिम्रो जिल्लामा, एकदमै विवेक नपुर्याईकन

तिमीले गर्यौं भन्ने प्रश्न आईरहेको छ । मैले हिसाब गर्दा खेरी गोरखा जिल्लाको एउटा बाटो रहेछ गोरखा जिल्लामा, नारेश्वर पाणिनि सडक त्यसको दुईटा खण्डलाई एक अरब चौध करोड सतहत्तर लाख रूपियाँ स्रोत सुनिश्चितता भएको रहेछ । फेरी सुन्नुहोला एक अरब चौध करोड सतहत्तर लाख एउटा बाटोलाई त्यसको पाँच परसेन्ट मेरो निर्वाचन क्षेत्रमा भएको छ त ? एउटै बाटोलाई एक अरब चौध करोड सतहत्तर लाख जुन मुस्ताङ मनाङ जस्ता ६ वटा जिल्लाका बजेट बराबर हुन्छ । गोरखामा बाटो बन्नु दुर्गम जिल्ला छ बाटो बन्नु बहुत सकारात्मक कुरा हो म सम्मान गर्छु तर समन्यायिक भएन क्षेत्र वाईज न्याय भएन भनेर भन्दा कहाँ भएन भन्ने कुरा पनि जोडौं । म यहाँ आलोचना गर्न विवाद गर्न पनि आएको होईन तर डाटा यहाँ प्रस्तुत नगर्दा सदन भ्रममा पर्ने भयो । सदनले असत्य कुरामा विश्वास गरेर गण्डकी प्रदेशको सरकार माथि प्रश्न चिन्ह उठाउने भए पछि मैले यहाँ बाध्य भएर बोल्न पर्यो । हामीले कहीं त्यस्तो गरेका छैनौं । निर्वाचन वाईज, क्षेत्र वाईज, बजेटका कुरा गर्नुस, पुलका कुरा गर्नुस, मैले देखाए त्यसमा कही कतै अन्याय भएको छैन । हिजोको सरकारको निरन्तरतालाई हामीले अगाडि बढाईरहेका छौं । विनियोजन विधेयक जुन यो सम्मानित सदनले पास गर्यो, वार्षिक विकास पुस्तिका जुन सम्मानित सदनले पास गर्यो, यो संसद जो हाम्रो सधै सर्वेसर्वा हो, उसले जे निर्देशन दियो यसको एक इन्चि पनि भौतिक पूर्वाधार मन्त्रालय र सिङ्गो गण्डकी प्रदेश एक इन्चि पनि टाढा गएको छैन भन्ने कुरा म निवेदन गर्न चाहन्छु । कमी-कमजोरी हामीले पनि गरेका हौंला ति कमी-कमजोरीलाई सत्य तरिकाले समिक्षा गरेर हामीसंग कुरा गर्दा त्यसलाई सुधार्ने बाचा त हामीले गर्छौं तर अहिले जसरी उठीराखेको छ एउटै वडामा १५३ रकमान्तर गरी सो १६०० रकमान्तर गरी भन्ने कुरा  यो सर्वथा असत्य हो । रह्यो रकमान्तरको कार्यविधि के हो भन्ने पनि प्रश्न आएको छ रकमान्तरको एउटा मात्र कार्यविधि हो । विनियोजन ऐन, आर्थिक कार्यविधि ऐन । त्यो दुईटालाई टेकेर हामीले गरेका छौं । यो ऐन यही सदनले पास गरेको हो । त्यो यदि गलत छ भने फेरी त्यो ऐनलाई संसोधन गरौं जे संसोधन माननीयज्यूहरुले गर्नुहुन्छ त्यसलाई भौतिक पूर्वाधार मन्त्रालयले स्वीकार गरेर जान्छ तर अहिले जे ऐन छ त्यो ऐनमा टेकेर हामीले आफ्ना कामहरु गरिरहेका छौं । यातायातका क्षेत्रमा पनि

प्रश्न आएका छन् । यातायातको क्षेत्रमा गण्डकी प्रदेशले माननीय सभामुखज्यू, गौरव गर्ने काम गरेको छ भनेर भन्न पर्छ । हिजो अनलाईन फर्म भरेर, बायोमेटिक गरेर, रिटन एक्जाम दिएर, ट्रायल गरेर, भौचर बुझाएर, लाईसेन्स लिनका निम्ति ४८ महिना लाग्थ्यो ४८ महिना । अहिले यो गण्डकी प्रदेश सरकारले के गर्यो त भन्दा पहिलो चोटी ड्राईभिङ लाईसेन्सको परीक्षा दिनेले राजस्व बुझाएको १० मिनटमा लाईसेन्स दिन्छु भन्दा खेरी सबैले यो बहुत ठुलो जोक भनेर हास्थे । अहिले गण्डकी प्रदेशले ट्रायल पास गरेर भौचर रसिद बुझाएको १० मिनेट भित्रमा हामीले परीक्षणकालीन लाईसेन्स शुरु गरिसकेका छौं । हामीले अब यो २०२४ सम्म डेदलाईन थियो सम्पर्कको त्यसलाई अहिले सबैलाई असारमा झारिरहेका छौं हाम्रो फोन गैरहेको छ । नागरिक पत्याउन चाहिरहेका छैनन् । २०२४ को पालो अहिले भर्खर कसरी आउँछ यो त कसैले मजाक गर्यो भनेरहेछन् । अब हामी यो असार भित्रमा सम्पूर्ण चार पाङ्ग्रेको र असोज भित्रमा  सम्पूर्ण दुई पाङ्ग्रेको लाईसेन्सको सम्पूर्ण फछ्र्यौट गरेर अब १० दिन भित्रमा अनलाईन एप्लिकेशन फर्म भर्ने, बायोमेट्रिक गर्ने, रिटन एक्जाम दिने, ट्रायल दिने, भौचर भर्ने र स्मार्ट लाईसेन्स पाउने दिन अब १० दिनमा झार्दै छौं । हामीले जुन ४८ महिना थियो, हिजो यसलाई कसरी आलोचना गर्ने हामीले डिजिटाईज गर्दै छौं  यातायात व्यवस्था कार्यालय । अब ढड्डा खोजेर हामीले गाडीको राजस्व तिर्न पर्दैन घरमै बसेर मोबाइलबाट अनि स्क्रिनबाट गर्न सक्छौं । अब कोही  बिचौलियाले हाम्रा नागरिकलाई दुःख दिन सक्दैनन् । कोही कर्मचारीले अब घुस मागेर काम गर्दिनु पर्ने स्थिति आउँदैन । मेरो २४ सालमा छ फेरी १२ महिना अगाडि ल्याईदेउ यति पैसा दिन्छु भनेर कोही भन्न जान पर्दैन । अब जसरी नागरिकता पाउन जति सहज भएको छ ड्राईभिङ लाइसेन्स त्यो भन्दा बढी सहज हुन्छ । यहि सदनमा अधिकांश माननीयज्यूहरुले ट्याक्सी मिटरमा चलेन भनेर गुनासो गरेका होईनौ हामीले अहिले यो सरकारले भाडा समायोजन गर्यो । बैज्ञानिक भाडा समायोजन गरेर अहिले ट्याक्सीमा सबै ट्याक्सीमा मिटर छ त्यो मिटर पनि प्रिन्टेड बिल निस्कन्छ त्यो बिलमा ड्राईभरको ट्याक्सी नम्बर, हामीले ट्राभल गरेको डिस्ट्यान्स, हामीले तिरेको पैसा, हामीले चढेको समय सबै आउँछ । पैसा सामान हराए पनि ड्राईभर को हो भनेर थाहा पाउन सक्ने

हिजो हाफ पाईन्ट लगाएर भेष्ट लगाएर  ट्याक्सी चलाउने दिदी बहिनीहरुसंग ट्याक्सीमा यात्रा गर्दा लाज लाग्ने स्थिति थियो । अहिले मर्यादापूर्ण ड्रेस लगाएर निलो आश्वानि रंगको सर्ट र कालो पाईन्ट लगाएर सबैले ड्रेसका साथमा अहिले चालकहरु अगाडि बढिराख्नु भएको छ । अन्तराष्ट्रिय नियम अनुसार ट्याक्सीको माथि पहेलो छ अब उनिहरुले कही जान्न भन्न पाउँदैनन् । लाईट राखेको छ अन्तराष्ट्रिय नियम अनुसार जसले गर्दा ट्याक्सी र कारको डिफरेन्सेस छुट्याउन सकियोस ट्याक्सी खाली छ की प्यासेनजर छ भन्ने कुरो पनि त्यो लाईटले बताउन सकियोस । ब्यापक सुधार हामीले ट्याक्सीमा गरेका छौं । हामीले बसलाई पनि अब बसमा बसको ढोकामा झुण्डिएर मान्छे मरेका कारणले अब डोर लक नभएको अटोमेटिक डोर लक नभएको कुनै पनि बस  हामी दर्ता गर्न गैरहेका छैनौं । त्यो बसमा गण्डकीका एक से एक जुन पुरानो सरकारले पर्यटकीय गन्तव्य भन्नुभएको थियो त्यो गन्तव्यलाई बसको एउटा पार्टमा स्टिकरका रुपमा टासेर यहाँको पर्यटन प्रवर्द्धन गर्ने जिम्मा हामीले वहाँहरुलाई दिएका छौं । अब स्वाईब गरेर पैसाले होईन क्यासलेस सिस्टम अब हामीले बसमा अगाडि लादैछौं । यो प्रकार अब ओर्लिने र उक्लिने ठाउँहरुका लागि जहाँ गए पनि हात उठाईदिएर हामीले बसमा चढ्ने र ओर्लने गर्थ्यौं । अब हामीले रोड फर्निसिङ्ग पोखराबाट पाइलट प्रोजेक्ट  गरेर पोखरा रोडहरुमा रोड फर्निसिङ्ग राखिदिएर यो स्टप हो भन्ने त्यही ठाउँमा ओर्लने त्यही ठाउँमा उक्लने गर्ने सफारी सुट लगाएको मान्छेले मात्र नगर बस वा बस चलाउन पाउँने रिफ्लेक्टर लगाएको मान्छे सहचालक हुने यस्ता प्रकारका व्यवस्था गरेका छौं । सातवटै प्रदेशका यातायात व्यवस्था हेर्ने मन्त्रीज्यूहरु र भौतिक पूर्वाधार संघका मन्त्री र संघका सचिव र यातायात व्यवस्थाका डि.जि. लिएर आएर अब सबै प्रदेशमा  एउटै प्रकारको कर प्रणाली र राजस्व वृद्धिका कुराहरु अहिले इमबोस्ड नम्बर प्लेटका कुराहरु आईरहेका छन् । हाम्रो प्रदेशमा मात्रै एक अरब राजस्व उठ्दो रहेछ तर त्यो राजस्व केन्द्रले मागिरहेको छ । हामीले भन्यौं हुन्न,हामी दिदैनौं  एक एक अरब रूपैयाँ यहाँ पाउँनु पर्छ भनेर हामीले झगडा गरिरहेका छौं । यहाँ ट्राफिकले जति जरिवाना भर्छ यातायात हाम्रो सिङ्गल राईट भएको हुनाले प्रदेशको एकल अधिकार भएको हुनाले अब ट्राफिकले काट्ने रसिद गण्डकी प्रदेशको खातामा

आउनु पर्छ भनेर हामीले भनिरहेका छौं । यदि त्यो सफल भयो भने अहिले गण्डकी प्रदेशको राजस्वलाई दोब्बर बनाउन यो यातायात व्यवस्था मन्त्रालयले सक्छ । यी कामहरु हामीले गरेका छौं गर्न पर्ने थुप्रै कामहरु गर्न नसकिएका होलान् गर्दा थुप्रै त्रुटी पनि भएका होलान् तर जे तरिकाले आलोचना भैरहेको छ जे तरिकाले प्रश्नहरु उठिरहेका छन् त्यहाँ तथ्याङ्क उपलब्ध गराउने कोही स्रोतले कही कतै राजनीति गरेको छ कही कतै माननीयज्यूहरुलाई पनि भ्रममा पारेको छ त्यो बारेमा उपयुक्त तथ्याङ्क हाम्रो मन्त्रालयबाट प्राप्त गर्न सकिन्छ । माननीयजीहरुले त्यहाँबाट कतिवटा पुल गएको छ, कतिवटा बाटो गएको छ, कतिवटा भवन गएको छ, कति रकम रकमान्तर भएको छ, सम्पूर्ण कुरा ट्रान्सप्यारेन्ट छ । त्यहाँबाट लिएर सदनमा विचार प्रस्तुत गरिदिनुहुन र तपाईहरुको जे जति सल्लाह छ, आलोचना छ त्यो आगामी दिनमा हाम्रा लागि पथ-प्रदर्शक, हुन्छ निर्देशक हुन्छ, त्यो हाम्रा लागि आशिर्वाद हुन्छ, हामीले गरेका कमी-कमजोरी औंल्याईदिने र गरेका कामहरुको बारेमा एक प्रकारको सकारात्मक सुझावको अपेक्षा हामीले गरेका छौं र यी सबै कुराहरु भन्ने अवसर दिनुभएकोमा म माननीय सभामुखज्यूलाई धन्यवाद दिन चाहन्छु । धन्यवाद, जय नेपाल ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब माननीय अर्थमन्त्री श्री रामजी प्रसाद बराल जीबनलाई विभिन्न मितिका सभाको बैठकमा माननीय सदस्यहरुले शून्य र विशेष समयमा उठाउनु भएका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

## माननीय अर्थमन्त्री श्री रामजी प्रसाद बराल जीबन

माननीय सभामुख महोदय, अब विभिन्न समयमा माननीयज्यूहरुले अर्थ मन्त्रालयसंग सम्बन्धित केही सुझावहरु र केही जिज्ञासाहरु राख्नु भएको छ । सर्वप्रथम त महत्वपूर्ण सुझाव दिनुहुने सबै माननीयज्यूहरु प्रति हृदय देखि नै म हार्दिक धन्यवाद भन्न चाहन्छु। अब जिज्ञासाका हिसाबले केही जिज्ञासाहरु प्रष्ट पार्नका निम्ति प्रयास गर्नेछु । स्वभाविक रुपमा यो गत आर्थिक वर्षबाट दायित्व सिर्जना भएर बसेका योजनाहरुमा भुक्तानी नगरेर

नयाँ योजनामा बजेट व्यवस्था गरियो भन्ने कुरा पनि उठेको थियो यसको उत्तर भौतिक पूर्वाधार मन्त्रीबाट गै नै सकेको छ अब थोरै के कुरा प्रष्ट पार्न चाहन्छु भने गत वर्षहरुबाट नै दायित्व सिर्जना भै अब भुक्तानी हुन बाँकी रहेका कुरा आइसके । त्यो विषय स्वभाविक थियो त्यसको भुक्तानी दिनु गण्डकी प्रदेश सरकारको दायित्व हो । त्यसका लागि आवश्यक व्यवस्था गर्ने पहिचान गर्ने कार्य भैरहेको पनि छ । जहाँ सम्म नयाँ योजनाहरुको बजेट व्यवस्थाको विषय छ र अर्थमन्त्रालयले नियन्त्रण गरेन अझ भन्ने कुरा पनि उठिराखेको छ यो सम्बन्धमा माननीयजीहरुलाई थाहा नै भएको कुरा हो कि बजेट आइसके पछी गण्डकी प्रदेशमा  बाढीको ठूलो प्रकोप हामीले सामना गर्न पर्यो । यो बाढीका कारणले ठूला विपत्तिहरु पनि हामीले सामना गरेका छौं । स्वभाविक रुपमा ती विपत्तिहरुको सम्बोधन गर्ने दायित्व सरकारको हो । जसका कारण तपाइ बाटो, पुल-पुलेसा, सिंचाइ, कुलाहरु, खानेपानी, पाइपहरु, सबै क्षत-विक्षत भएको भन्ने रिपोर्ट भनौं त्यहाँको तथ्य सत्य फेरी माननीज्यूहरुले नै यहाँ उठाउनु भएको थियो राखु भएको पनि थियो । त्यो विपदले पुर्याएको क्षति सम्बोधन गर्नका लागि मर्मत गर्नका लागि कतिपय ठाउँमा अब नयाँ योजनाबाट पनि जनताको तात्कालिक आवश्यकतालाई सम्बोधन गर्ने सरकारको दायित्व हो । यो विषयलाई यही ढङ्गले माननीयज्यूहरुले बुझिदिनका निम्ति म अनुरोध गर्न चाहन्छु । संगसंगै कोभिडका कारण म्याद थप भएका आयोजना कार्य सम्पन्न भएर पनि बजेट उपलब्ध भएन भन्ने कुरा पनि यहाँ उठेको थियो।  कोभिडका कारण समयमा सम्पन्न हुन नसकेका आयोजनाहरुका लागि गण्डकी प्रदेश सरकारले २०७८ त्रैत्र मसान्त सम्मको लागि म्याद थपेको कुरा पनि विदितै    छ । कार्य सम्पन्न भैसकेका योजनाहरुका लागि बाँकी भुक्तानी समयमा नै गर्न सरकार लागिरहेको छ र त्यो सरकारको दायित्व हो । चालु आर्थिक वर्षमा त्यस्ता आयोजनाहरुको भुक्तानी हुने व्योहोरा पनि म माननीयज्यूहरुलाई अवगत गराउन चाहन्छु । संगसंगै अर्थ मन्त्रालयमा रकमान्तरका लागि फाइल चाङ लागेर बसेको छ । यसो किन भएको हो भन्ने कुरा पनि यहाँ उठेको थियो । विभिन्न मन्त्रालयहरुबाट रकमान्तरका लागि फाइलहरु प्राप्त भैरहेका छन् । साच्चै कुरा हो मन्त्रालयले उक्त फाइलका योजनाहरु चालु योजनाको आवश्यकता र औचित्यताको आधारमा स्रोत

आवश्यक हो होइन निक्यौंल गरेर मात्रै नियम अनुसार रकमान्तर गर्नुपर्ने अवस्थामा मात्र रकमान्तरको लागि प्रक्रिया बढाउने व्योहोरा अथवा जानकारी पनि म माननीयज्यूहरु समक्ष राख्न चाहन्छु । बजेट कार्यान्वयन धिमा गतिमा भैराखेको छ भन्ने कुरा पनि यहाँ उठेको थियो । अस्वभाविक रुपमा समय सापेक्ष र संघीय सरकार र अन्य प्रदेशहरुको तुलनामा गण्डकी प्रदेशको समग्र बजेट कार्यक्रम कार्यान्वयनको पक्ष अगाडि नै छ  सभामुख महोदय । यद्यपि यसको गतिलाई अझ अगाडि बढाउन आवश्यक देखिन्छ । माननीयज्यूहरुलाई जानकारी गराउन चाहन्छु, यही चैत्र २१ गते सम्मको खर्च समग्र खर्च प्रतिशत २९.९५ करिब ३० प्रतिशत पुगेको कुरा पनि म यहाँ जानकारी गराउन चाहन्छु । अब जुन यही अवधिमा गत आर्थिक वर्षको भन्दा झण्डै दुई प्रतिशतले बढी हो । गत आर्थिक वर्षको भन्दा अहिले हामी ठ्याक्कै यही समयमा २% ले अगाडि छौं। रकमको रकमान्तर समय सिमा सामन्यतः तेश्रो चौमासिक हो। तापनि फेरि कार्यक्रमको औचित्यतालाई हामीले हेर्नुपर्ने हुन्छ। आवश्यकतालाई हेर्नुपर्ने हुन्छ। अनिवार्यतालाई हेर्नुपर्ने हुन्छ। यसरी औचित्य र आवश्यकताको आधारमा अन्य समयमा पनि रकमान्तर गर्ने अभ्यास रहेको जानकारी हामी सबैले पाएकै छौं। विगतदेखि हाम्रा यी अभ्यासहरु पनि छन्। यसलाई यही ढङ्गले बुझ्न आवश्यक छ। अर्थतन्त्र डामाडोल बनेको छ। आगामी अर्थनीति कस्तो बन्छ भन्ने कुरा पनि यहाँ जिज्ञासाको रुपमा आएको थियो। अब म माननीयज्यूहरुले उठाउनुभएको गण्डकी प्रदेशको अर्थतन्त्र तहसनहस भएको छैन ढुक्क हुनको निम्ति म अनुरोध गर्न चाहन्छु। आयोजनाहरुको भुक्तानी तथा चौमासिक जो श्रोत विनियोजन अनुसार सम्पन्न आयोजनाहरुको रकम भुक्तानीलाई नगद मौज्दातको पनि समस्या छैन। भुक्तानी दिन पनि समस्या छैन। त्यस्तै विगत वर्षहरुको यसै अवधि सम्मको तुलनामा राजस्व तथा आन्तरिक आयको प्रगति  निकै अगाडि रहेको छ। गत आर्थिक वर्षमा लक्ष्यको राजस्व प्राप्ति  यो अवधिमा करिव २० प्रतिशतको हाराहारी थियो भने चालु आर्थिक वर्षमा झन्डै ४० प्रतिशतको हाराहारीमा रहेको छ।  झन्डै झन्डै विगतको आर्थिक वर्षको यही समय  र अहिलेको यो समयको कुरा गर्दा  झन्डै झन्डै डबल राजस्व पनि प्राप्त भएको कुरा पनि म यो सम्मानित सदनमा राख्न चाहन्छु।  अब आगामी अर्थ नीतिको सन्दर्भमा

सरकारको प्राथमिकता के हो  माननीय सांसदज्यूहरुले के ? प्रतिवद्धता के छ  ? सुझाव दिनुहुन्छ त्यसको आधारमा आगामी बजेट बन्ने कुरा  पनि फेरि म अनुरो चाहन्छु किनभने गण्डकी प्रदेशको जो आवश्यकता  प्रतिवद्धता छ र फेरि थप  माननीयज्यूहरुका ती  सुझावहरु के प्राप्त हुन्छन् त्यसैका आधारमा  तपाई बजेट बन्ने कुरा विदितै छ र मैले अर्थ मन्त्रालयसँग सम्बन्धित जुन विषयवस्तुहरु उठेका थिए त्यसलाई स्पष्ट पार्नका निम्ति प्रयास गरैं। यो समय उपलब्ध गराउनुभयो सभामुखज्यूलाई धन्यबाद दिंदै मेरो भनाइ पनि अन्त्य गर्न चाहन्छु धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्यहरु  अब म स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री मधुमाया अधिकारी गुरुङलाई विभिन्न मितिका सभाको बैठकमा माननीय सदस्यहरुले शून्य र विशेष समयमा उठाउनुभएका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु

## माननीय मधुमाया अधिकारी गुरुङ्ग

माननीय सभामुखज्यू यस गरिमामय सदनको शून्य र विशेष समयमा माननीय , सदस्यहरुको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका कामका सम्बन्धमा उठाउनुभएका विषयहरुका लागि सर्वप्रथम म माननीय सदस्यज्यूहरुलाई धन्यबाद दिनुका साथै माननीयज्यूहरुले उठाउनुभएका सुझावहरुलाई सकारात्मक रुपमा लिंदै कार्यान्वयन गरिने कुरामा विश्वस्त दिलाउन चाहन्छु। वर्तमान सरकार गठन भइसकेपछाडि समग्र स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने गरी अल्पकालिन मध्यकालिन र दीर्घकालिन , योजनालाई समावेश गरी गण्डकी प्रदेश स्वास्थ्य नीति २०७८  /८ महिना  ८ गते / जारी भएको छ। युगान्तकारी परिवर्तनका लागि जनयुद्ध मधेस ,जनआन्दोलन , अपाङ्ग ,थारुहट आन्दोलनको सगौरव सम्मान एवम् सहिद तथा बेपत्ता घाइते ,आन्दोलन भएका व्यक्ति वा परिवारको स्वास्थ्यको सुनिश्चित गर्नको लागि प्रदेश अन्तर्गत अस्पतालहरुमा निशुल्क उपचार व्यवस्था गरिएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालय गण्डकी प्रदेशले महिलाहरुको प्रजनन अङ्गमा लाग्ने क्यान्सर रोगको उपचारमा

थप पचास हजार दिने व्यवस्था मिलाइएको छ। सो व्यवस्था कार्यान्वयनका लागि चितवन स्थित बि कोइराला क्यान्सर अस्पतालसँग मन्त्रालयले सम्झौता गरिसकेको .पी. छ। गण्डकी प्रदेशका सम्पूर्ण अस्पतालमा बिरामीहरुको लागि आवश्यक पर्ने रगत तथा रगतजन्य पदार्थसँग सम्बन्धित सबै रकम निशुल्क हुने व्यवस्था गरिएको छ। सोको लागि नेपाल रेडक्रस सोसाइटी अन्तर्गतको रक्तसञ्चार केन्द्रसँग सम्झौता गरिसकिएको छ। कोभिड उन्नाइसबाट संक्रमित भइ मृत्यु भएका व्यक्तिका परिवारलाई रु  पचास हजार रकमको व्यवस्था गरिएको छ र यो कार्यान्वयन पनि भइसकेको . पनि गरिसकेको अवस्था छ। कोभिड उन्नाइस बिरुद्धको खोप लगाइसकेको भए तापनि गण्डकी प्रदेशलाई कोभिड उन्नाइस विरुद्धको पूर्ण खोप युक्त प्रदेश घोषणा गर्न तयारी अवस्थामा रहेको छ। स्वास्थ्य सेवामा लगानी वृद्धि गर्दै स्वास्थ्य उपचारमा नागरिकको व्यक्तिगत खर्च क्रमशः घटाउँदै लाने उद्देश्यले स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय गण्डकी प्रदेशले सहीद ख वर्गका ,बेपत्ता , अपाङ्गता र डायलोसिस उपचार सेवामा थप लाग्ने रकम पच्चीस सय संघीय सरकारले दिन्छ र बाँकी रकम पनि प्रदेश सरकारले त्यो बिमा गर्ने व्यवस्था मिलाएको छ। विद्युतको भोल्टेजको अनियमितताको कारण जिल्ला अस्पताल म्याग्दीको एक्सरे प्रिन्टर मेसिन बिग्रिएकोमा खरिद प्रकृया पूरा भई नियमित रुपमा सेवा सूचारु भएको छ। कोभिड उन्नाइस संक्रमण दरको अवस्थालाई मूल्याङ्कन गरी सबै स्वास्थ्य संस्थाहरुको जनशक्ति आवश्यकता माग गरी सोही अनुसार ओएनम सर्वेक्षण गरी सोही आधारमा जनशक्ति व्यवस्था गरिनुका साथै हाल कर्मचारीको तलब भत्ता सम्बन्धित निकायमा गइसकेको अवस्था छ। स्वास्थ्य सेवा आफैमा संवेदनशील भएको र बिरामी क्रिटिकल अवस्थामा अस्पतालमा आएको र सेवा प्रदान गर्ने क्रममा स्वास्थ्यकर्मीले यथाशक्य कोशिस गर्दा गर्दै पनि उपचारको क्रममा बिरामीको मृत्युवरण भइ अपूरणीय क्षति प्रति समवेदना व्यक्त गर्दै मृत आत्माप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै परिवारमा समवेदना व्यक्त गर्दछु। हाल सम्म मन्त्रालय मातहतका स्वास्थ्य संस्थाहरुमा कार्यरत

स्वास्थ्यकर्मीहरुलाई जोखिम भत्ताको लागि रु १२ . ,करोड९ लाख ९९ हजार , / व्यवस्थापन गरिसकिएको छ। अन्त्यमा माननीयज्यूहरुले दिनुभएको कतिपय सल्लाह सुझाव अनुसरण योग्य छ। यसलाई प्रभावकारी कार्यान्वयनका लागि अझै सल्लाह / सुझावको योगफल नै / सुझावको आशा गर्दै सबैको सल्लाहगण्डकी प्रदेशको स्वास्थ्य सेवा हो । अझै सुझावको अपेक्षा गर्दै बिदा हुन्छु धन्यबाद।

## माननीय सभामुख

माननीय सदस्यहरु अब म माननीय अर्थमन्त्री श्री रामजीप्रसाद बराल जीवनलाई , विधायन समितिको प्रतिवेदन सहित प्रदेश आर्थिक विकासकार्यविधि तथा बित्तिय उत्तरदायित्व सम्बन्धी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु।

## रामजी प्रसाद बराल जीवन

माननीय सभामुख महोदय ,माननीय सभामुखज्युको अनुमतिले सम्मानित सभामा २०७७ चैत्र २६ गते प्रस्तुत भई मिति २०७७ चैत्र २७ गते बिधायन समितिमा दफावार छलफलको लागि पठाइएकोमा समितिबाट प्रतिवेदन सहित **प्रदेश आर्थिक कार्यविधि" "तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**प्राप्त हुन आएकोले प्रदेश सभा नियमावली बमोजिम (क)२०७४ को नियम १२१ को उपनियम २ , समितिको प्रतिवेदन सहित विधेयमाथि छलफल गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु ।

रामजी प्रसाद वराल

मितिः२०७८ -/१२/२३

अर्थ मन्त्री

## माननीय सभामुख

अब म उक्त विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले **"हुन्छ"** भन्नुहोस् ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले **"हुन्न"** भन्नुहोस् ।

**"हुन्न"** भन्ने आवाज सुनिएन तसर्थ विधेयक माथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब, बिधायन समितिको प्रतिवेदन सहितको **"प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथिको दफावार छलफल प्रारम्भ हुन्छ ।छलफलमा भाग लिन चाहानुहुने माननीय सदस्यहरुको लागि १० मिनेटको समय निर्धारण गरेकोछु । निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्न अनुरोध गर्दछु ।

सर्वप्रथम, माननीय सदस्य **श्री सावित्रा रानालाई** छलफलमा भाग लिन समय दिन्छु।

## माननीय सावित्रा राना

सभामुख महोदय ,प्रदेश आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको यो दफावार छलफलमा उपस्थित छौं। यो विधेयक अत्यन्त महत्त्वपूर्ण विधेयक छ भन्ने लागेको छ। यो महत्त्वपूर्ण विधेयक छ भनिरहँदा यो विधेयकले ऐनको रुप धारण गरिसकेपछि यो विधेयकले कार्यान्वयनमा जाँदा कार्यान्वयनको प्रभावकारिता कस्तो हुन्छ भन्ने कुरा पनि महत्त्वपूर्ण हो भन्ने लाग्छ। यो विधेयकले प्रस्तावनामा नै भनेको छ प्रदेश सञ्चित कोष र अन्य सहकारीको सञ्चालन र व्यवस्थाको सम्बन्धमा यसले अत्यन्त महत्त्वपूर्ण कुराहरु उठान गरेको छ। साँच्चिकै हामीले हरेक यो सरकार होस् संस्था होस् सञ्चालन गर्नका लागि आर्थिक कार्यविधि र

वित्तिय उत्तरदायित्व अत्यन्त महत्त्वपूर्ण हुन्छ यसकारणले यो सञ्चालन यो सरकार सञ्चालन गर्नका लागि यो विधेयक अत्यन्त महत्त्वपूर्ण छ। यो विधेयकको दफाबार छलफलमा छौं। मैले सरसर्ती यो विधेयकलाई अध्ययन गर्दा मैले यो विधेयकमा रहेका केही बुँदाहरु पनि यहाँ मलाई लागेको बुँदा यो परिच्छेद नं १ को २ परिभाषाको म मा उल्लेख छ वित्तिय उत्तरादायित्व बित्तिय सुशासन र पारदर्शिता तथा जवाफदेहिता बित्तिय सुशासनको सन्दर्भमा बाहिर असाध्यै धेरै उठ्ने गरेको यो विषयवस्तु हो। हामीले यो वित्तिय सुशासनलाई र पारदर्शितालाई जब सम्म बाहिर बजारमा उठ्ने गरे जस्तो बित्तिय सुशासनका सन्दर्भमा पारदर्शिताका सन्दर्भमा ती विषयवस्तुहरु उठान हुन्छन् तब सम्म हामीले यो विधेयक बनाइरहँदा ल्याएको यो विधेयकको मर्म अनुसार अगाडि बढ्न सकेनौं भने यो विधेयकको सान्दर्भिकता हुँदैन। जसरी यो विधेयकले अत्यन्त महत्त्वपूर्ण विषयवस्तुहरु अगाडि सारेको छ सुशासनका सन्दर्भमा पारदर्शिताका सन्दर्भमा त्यसलाई यो विधेयकले ऐनको रुप धारण गरिसकेपछि कार्यान्वयनका सन्दर्भमा आफूलाई अगाडि बढायो भने यो विधेयक महत्त्वपूर्ण विधेयक हुन्छ भन्ने हामीलाई लागेको छ। हामीले जवाफदेहिताको सन्दर्भमा पनि सरकार अविच्छिन्न उत्तराधिकारवाला संस्था हुन्छ । हामीले त्यो बुझेका छौं तर अहिले आएर यसो सरसर्ती हेर्‍यो भने हामीले यो विधेयकमाथि छलफल गरिरहँदा पूर्ववत सरकारले गरेका राम्रा कामहरुको जवाफदेहिता लिने सन्दर्भमा कही कतै यो सरकार चुकेको छ कि भन्ने कुराको पनि हामीलाई अनुभूति हुन्छ। त्यतिमात्र होइन बिगतका सरकारले ल्याएका राम्रा कामहरु ती योजनाहरु निरन्तरतामा रहेका ती योजनाहरु यो सरकारले जवाफदेहीतापूर्ण हिसावले अगाडि बढाउनुपर्ने सन्दर्भमा कतै यो सरकार चुकेको हो कि भन्ने कुराको अनुभूति हुन्छ। शायद यो विधेयक आइसकेपछि यो विधेयकले ऐनको रुप ग्रहण गरिसकेपछि अब आगामी दिनहरुमा त्यस्तो हुनेछैन मैले विश्वास लिएको छु। सभामुख महोदययही ऐन विधेयको , अर्को एउटा दफामा उल्लेख छ बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट श्रृजित दायित्व मध्ये आगामी वर्षमा भुक्तानी गर्नपर्ने र कम तथा विगत वर्षमा भुक्तानी हुन बाँकी रकमको प्रस्ताव गर्ने सन्दर्भ पनि यो विधेयकमा उल्लेख छ। विगतमा भएका कामका योजनाका दिनपर्ने भुक्तानीहरु अघि यहाँ जवाफ दिने सन्दर्भमा मन्त्रीज्यूले भन्नुभाछ कही बाँकी छैन भनेर।

हामीलाई पनि केही आयोजनाका काम सकिएका आयोजनाहरुका बजेटहरु भुक्तानी लिन बाँकी भएका कुराहरु आएका थिए । ती कुराहरु हामीले कार्यालय मार्फत् सूचना गरेका थियौं शायद ती भुक्तानी भए होलान् म विश्वास गर्न चाहन्छु यसकारण सरकारले जवाफदेहितालाई  महत्त्वपूर्ण हिसावले ग्रहण गर्नुपर्छ भन्ने लाग्छ। त्यसैगरी अर्को यही विधेयकको अर्को एक बुँदामा मैले हेर्दा देखेको छु आयोजना बैक प्रविष्ट भएका आयोजनाहरुका लागि कम प्रस्ताव गर्ने यसो हेर्दा मलाई लाग्यो यो विधेयकमा यो अत्यन्त महत्त्वपूर्ण छ यो बुँदा र पनि अहिलेको यो सरकारले आयोजना बैक प्रविष्टमा भएका आयोजनाका लागि रकम प्रस्ताव गर्ने नभएर यसो सरसर्ती हेर्‍यो भने यो सरकारले विनियोजन गरेका आयोजनाहरु हेर्‍यो ती प्रस्तावहरु हेर्‍यो भने हामीलाई लाग्छ कतै कार्यकर्ताको पकेट बैकबाट पो ती आयोजनाहरु ल्याएको छ कि प्रस्ताव गरेको छ कि भन्ने कुराको हामीलाई भान हुन्छ। यो विधेयकले ऐनको रुप धारण गरिसकेपछि त्यस्तो नहोस् भन्ने कुरा पनि यहाँ उल्लेख गर्न चाहन्छु। सभामुख महोदय परिच्छेद तीनको , मा उल्लेख छ। सम्भाव्यता अध्ययन (ग) ९ को भइ सकेका तथा क्रमागत रुपमा कार्यान्वयनमा रहेका आयोजनाको हकमा क्रमागत आयोजना स्वीकृतीको क्रमागत खरिद गुरुयोजनामा तथा वार्षिक खरिद योजना वा सम्झौता अनुरुप आगामी वर्षको आवश्यक पर्ने रकम प्रस्ताव गर्नुपर्ने हामीले हाम्रा ती महत्त्वपूर्ण योजनाहरुलाई कतै विर्स्यौं कि यो विधेयकले त्यो विर्सने छुट दिएको छैन । सभामुख महोदय आगामी दिनहरुमा यो , विधेयकलाई यही मध्यनजर गरेर यो सरकारले ती बजेटका प्रस्तावहरु ल्याउनेछ योजनाहरु यो सरकारले बनाउने छैन मैले विश्वास लिएको छु। अर्को यही विधेयकको अर्को एउटा बुँदामा भनिएको छ आयोजना तथा कार्यक्रमका लागि बजेट प्रस्ताव गर्दा बढी प्रतिफल उपलब्धि प्राप्त हुने तुलनात्मक रुपमा लाभ बढी भएका र सामाजिक लाभ र उच्च आयोजना तथा कार्यक्रमको प्रस्ताव गर्नुपर्ने छ। असाध्यै धेरै जनताहरु लाभान्वित हुने खालका सामाजिक लाभ र उच्च आयोजना तथा कार्यको  योजना छनौट गर्नुपर्ने खालका जस्ता बुँदाहरु यो विधेयकमा उल्लेख छन्। हामीले विश्वास गरौं अहिले

त त्यो हामीले पाउन सकेनौं यो प्रकारले त्यो खालको आयोजना हाम्रो विचमा ल्याउन सकेन। मलाई विश्वास छ आगामी दिनमा यो सरकारले यो विधेयकमा जे उल्लेख भएको छ त्यो विधेयक अनुसार यो सरकारले ती योजनाहरु धेरै जनताहरुलाई लाभान्वित हुने खालका योजनाहरु गौरवका योजनाहरुलाई महत्त्वका साथ ,यो सरकारले अगाडि बढाउनेछ यो विधेयकले पनि यही भन्छ। यसो भयो भने मात्रै हामीले यो विधेयकलाई ऐन बनाएर प्रभावकारी ढङ्गले अगाडि बढाउँदा यो विधेयक अर्थपूर्ण हुन्छ। विधेयक बनाउने कुरा महत्त्वपूर्ण कुरा हो। हामीले भनिरहेका छौं त्यो भन्दा अझ महत्त्वपूर्ण कुरा यसलाई कार्यान्वयनमा लैजाने कुरा महत्त्वपूर्ण हो । यहाँ कार्यान्वयनमा लैजाने सन्दर्भमा यहाँको सरकार यो प्रदेश सरकार लागोस् हाम्रो शुभेच्छा छ शुभकामना छ । यसरी लाग्दा हाम्रो समर्थन रहन्छ, होइन भने यो विधेयक विधेयक बनाउनका लागि मात्रै कार्यान्वयनका लागि नभएर त्यो खालको परिस्थिति निर्माण भयो भने हामी प्रतिपक्षमा बसेर टुलुटुलु हेरिरहने परिस्थिति बन्न हुँदैन। न कि अहिले हामी प्रतिपक्षमा रहेर यहाँहरुले गरेका कामको सबै हेरेका छौं। हामी तल तल जाने सन्दर्भमा हामी जनताहरुकै बीचमा छौं । यहाँहरुले पठाएका योजनाहरु हेर्यौं भने लाग्छ यो सरकार कतै जनताहरुको राजश्वबाट चलेको छ कि । त्यति नभएर कार्यकर्ताको लेबीबाट चलेको छ । म यो प्रश्न गर्न चाहान्छु । यस्तो नहोस आगामी दिनका बजेट विनियोजन गर्ने सन्दर्भमा (माननीय सदस्य समय सकियो) भन्ने कुरा यहाँ राख्दै मेरा भनाइहरु अन्त्य गर्दछु । हवस् त नमस्कार अभिवादन ।

## माननीय सरिता गुरुङ

माननीय सभामुखज्यू, प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७८ को दफाबार छलफलमा भाग लिन यस गरिमामय सदनमा प्रस्तुत भैरहेको छु । माननीय सभामुखज्यू, अर्थतन्त्र भनेको देशको मेरुदण्ड हो । अर्थतन्त्र चुस्त दुरुस्त भएको खण्डमा पक्कै पनि यो देशमा एउटा सुशासन कायम हुनेछ र सिधासाधा जनताको पनि दिन आउनेछ र यहाँ विकासको ढोका खोलिनेछ भन्ने म आफूले बुझेको छु र यो संगसंगै माननीय सभामुखज्यू यस आर्थिक कार्यविधि तथा

वित्तिय उत्तरदायित्व विधेयकको परिच्छेद १ देखि १० सम्म र यसको दफा १ देखी ५७ र यसको उपदफाहरु अध्ययन गर्दाखेरी यहाँ मलाई लाग्छ यो विधायन समितिले यो विधेयक बनाउँदा गण्डकी प्रदेश चाहे त्यो पाहाडको चाहे त्यो हिमालको चाहे तराईमा बसेको सबै जनताको सुख दुःख र त्यहाँको आवश्यकता र पहिचानलाई गरेर यो बनाएको जस्तो विधेयक बनाएको जस्तो मलाई लागिराखेको छ किनभने यहाँ धेरै अर्थतन्त्रको बारे र योजनाको बारे धेरै कुराहरु चल्यो । यसमा छलफल भयो सदनमा धेरै कुराहरु उठ्यो । मलाई लाग्छ यो विधेयक ऐन बनिसकेपछी यसले कानूनको रुप धारण गरिसकेपछि हामी सबैलाई यो छर्लङ्ग हुनेछ र कोही सर्वसाधरण पनि ठगिने छैन र देशको यो प्रदेशको लेखा प्रणाली चुस्त र हुनेछ त्यति भैसकेपछी पक्कै पनि यहाँ बेरुजुको कुराहरु बक्योताको कुराहरु यो कुनैपनि उठ्ने छैन किनभने यो विधेयक खाली एउटा माननीयज्यूहरुले मात्रै बनाएको हैन । यसमा कानूनविद्हरु ल्याएर अनि त्यसपछि अर्थतन्त्रको एक्सपोर्टहरु ल्याएर सम्बन्धित मन्त्रालयबाट अनुभवि एक्सपोर्टहरु ल्याएर यसलाई विभिन्न यो तर्फबाट अध्ययन गरेर के गर्दा यो गण्डकी प्रदेशको विकास हुन्छ के गर्दा यो अर्थमा पारदर्शिता हुन्छ र कसो गर्दाखेरी यो प्रदेशमा सुशासन कायम हुन्छ यसमा कसरी भ्रष्टाचार मुक्त हुन्छ भन्ने कुराहरु यो विधेयकमा व्यवस्था गरिएको छ त्यसैले मलाई लाग्छ यो विधेयक कार्यान्वयन भैसकेपछि र यो कानूनमा आईसकेपछि यहाँ हामी यसको बारे कुनै पनि यति धेरै छलफल गर्नपर्छ पर्दैन किनभने हामी कसैको शंका उपशंका पनि गर्नुपर्दैन भन्ने मलाई लागेको छ, किनभने म एउटा मात्रै सत्तापक्षको माननीय भएकोल नाताले होईन राम्रो कुरालाई राम्रो भन्न सक्नुपर्छ किनभने हामी एउटा जनप्रतिनिधि हौं र किन हामी विकास गर्दाखेरी कुनै पार्टी हेर्दैनौ कुनै जाती हेर्दैनौ मात्रै हामीले त्यो ठाउँको आवश्यकता र पहिचानलाई अध्ययन गरेर विकासको चरणमा जाने र विकासलाई कार्यान्वयन गर्ने भएकै कारणले गर्दाखेरी यो विधेयक असाध्यै उपयोगी छ र यसले पक्कै पनि उपलब्धि दिन्छ भन्ने कुरा पनि मलाई विश्वास लागिराखेको छ । चाहे त्यो योजना बैङ्कको कुराहरु होस् चाहे त्यो विकासको कुराहरु होस चाहे त्यो बहुवर्षिय योजनाको कुराहरु होस चाहे यो साना विकास होस चाहे यो जुनसुकै कुरामा पनि यो लेखाप्रणाली चुस्त दुरुस्त हुन पर्छ भन्ने कुराहरुमा यसलाई प्रष्ट व्यवस्था गरेको

छ । त्यसैले मलाई लाग्छ यसको बारे म एउटा विधान समितिको सदस्य भएको नाताले र फेरी यसमा धेरै म भन्दा धेरै अझ विज्ञहरुले पनि यहाँ छलफल गरेको र यसलाई यत्ति गर्दाखेरी गण्डकी प्रदेशको हितमा हुन्छ र गण्डकी प्रदेशमा उपयुक्त हुन्छ भनेकै कारणले गर्दा र हामी सबैले यसलाई अध्ययन गरिसकेको कारणले गर्दा यो विधेयक राम्रो छ र यो विधेयकलाई हामीले छिटो भन्दा छिटो कार्यान्वयन गर्नुपर्छ र यो विधेयकलाई ऐन बनाएर कार्यान्वयन गरेको अवस्थामा हामी सबैले एउटा काम गर्न सहज हुन्छ सरल हुन्छ जनताले पनि यसलाई कसरी कार्यान्वयन गर्ने चाहे त्यो ठेकदार प्रथाको कुरा होस चाहे त्यो उपभोक्ताको कुरा होस्, चाहे त्यो कार्यालयहरुमा लेखा सम्बन्धीको कुराहरु होस् चाहे त्यो कुनै पनि कुरा यो विधेयकलाई कार्यान्वयन गर्दाखेरी र यो विधेयकलाई ऐन बनिसकेर यसको कार्यविधि बनाईसकेपछि र यसलाई कार्यान्वयनमा ल्याउँदाखेरी यसमा कुनै भ्रष्टाचारको गन्ध आउने यसमा मौका पाउँदैन यो विधेयक कार्यान्वयनको चरणमा गैसकेपछि यसैले म यो विधेयक राम्रो छ र यो विधेयकले हामीले समयमै कार्यान्वयन गर्नुपर्छ भन्दै यो विधेयक राम्रो छ र सरल छ। आगामी दिनहरुमा यो विधेयक आईसकेपछि पक्कै पनि हाम्रो संसदमा शंका उपशंकाहरु मेटेर जानेछ भन्ने विश्वासकासाथ म र मेरो दलको यो अर्थ विधेयकमा समर्थन रहेको जानकारी गराउँछु । धन्यवाद, जयनेपाल ।

## माननीय सभामुख

माननीय सदस्य श्री हरिबहादुर चुमानलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय हरिबहादुर चुमान

माननीय सभामुखज्यू, प्रदेश सरकारले प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पेश गरेर हामी दफाबार छलफलको प्रक्रियामा छौं र यो विधेयक प्रदेश सरकारको निम्ति र यसमा पनि प्रदेशको अहिले अर्थ मन्त्रालयलाई हिजो आर्थिक मन्त्रालय अहिले अर्थ मन्त्रालय यो मन्त्रालयको निम्ति सर्वाधिक महत्वको यो विधेयक माथि हामी छलफल गरिराखेका छौं । यति महत्वपूर्ण

विधेयक भएर पनि शायद केही विधेयकहरु हाम्रो प्रदेश सभा सचिवालयमा अलि लामै समय बास बस्ने विधेयक बनेका छन् यी मध्ये यो पनि एउटा बन्यो धेरै लामो समय बास बसेको प्रदेश सभा सचिवालयमा । मैले यसरी भन्नुको कारण के त भन्दाखेरी प्रदेश सरकारको निम्ति आर्थिक दायित्वको आर्थिक दायित्व बहन त्यसको परिचालन गर्ने कुरा अर्थात बजेट निर्माण देखि सारा पक्ष आर्थिक कारोबारका पक्ष संचालन गर्ने यति महत्वपूर्ण विधेयक बेलैमा बन्न पर्थ्यो यो पनि हिजो सरकारमा पनि बेलैमा बन्न पर्थ्यो । पहिलो वर्षमै बन्नु पर्थ्यो, बनेन ढिलो गरी यो विधेयक तयार भयो र पनि यहि विधेयक अलि लामै समय बास बस्नु पर्यो मैले यस यस कारण यो भनिराखेको छु । कुरा के हो भने सरकार बन्ने भनेको यसका यो यसका अङ्ग प्रत्यङ्गहरु सहित यसका सबै अवयवहरु सहित बन्ने कुरा हो । सरकार भन्ने बित्तिकै अब हामी सरसर्ति हेरौं पहिलो कुरा त हामी निर्वाचित भयौं प्रदेश सभामा उपस्थित भयौं शपथ ग्रहण लियौं यसको मतलब प्रदेश सभा बनायौं  प्रदेश सभालेनै प्रदेश सरकार जन्मायो । सरकार भन्ने बित्तिकै के हो त भन्दा यसका सबै मन्त्रालयहरु प्रदेश सभा त जन्माउने नै संस्था भैहाल्यो । त्यसपछि यसका मातहतका कार्यालयहरु हामी जन्मिनु भन्दानै अगाडि संघीय सरकार केन्द्रीय सरकारको रुपमा छदै थियो । त्यस मातहतका सरकारी कार्यालयहरु यहाँ छदै थिए र हामी भन्दा अगाडिनै स्थानीय तह बनिसकेकै थियो र प्रदेश सरकार आफैले पनि निर्माण गरेका अब सरकार भन्ने बित्तिकै यसको संचितकोष चाहियो प्रदेश संचितकोष चाहियो त प्रदेश संचितकोष काहाँ राख्ने हिजो हामीले कोलेनिकामा राख्यौं कोष तथा लेखा नियन्त्रक कार्यालयमा राख्यौ । जुन कार्यालय त्यो संघ मातहतको कार्यालय हो । पछि मात्रै हामीले प्रदेश लेखा नियन्त्रक कार्यालय निर्माण गर्यौं  र अब संचित कोष प्रदेश संचित कोषको सञ्जाल अब कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत हुन थाल्यो र लगायत अब प्रदेश सरकारले नै जन्माएका विभिन्न संरचनाहरु अब गण्डकी युनिभर्सिटि भैहाल्यो लोकसेवा आयोग भयो हुदै जाँदा अब प्रदेश प्रहरी पनि अब हाम्रो मातहत ऐन त बनायौं अझै आएको छैन, त्यो पनि एउटा निकाय भयो लगायत जति पनि संरचनाहरु छन् यी सबैले वित्तिय कारोबारहरु अब गर्नुपर्ने हुन्छ । यसको मतलब बजेट निर्माण त्यसको अब परिचालन देखि लिएर अब लेखा परिक्षण आदि

इत्यादि यी सबै प्रक्रिया हुन मैले यसको  धेरै चर्चा गरिन यी सबै प्रक्रियाहरु यी सबै निकायहरु, तहहरु, निकायहरु, कार्यालयहरु र यो संग प्रदेश सरकारको सम्बन्ध त्यसमा पनि प्रदेश सरकारको अर्थ मन्त्रालयको सम्बन्ध त्यसलाई स्पष्ट गर्नको निम्ति हामीसंग ऐन थिएन मैले अघि नै भने शुरुको वर्षमा हामीले प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ भनेर पास गर्यौं त्यसैले चलायौ वर्षै पटक बजेट पेश गरिरहँदा यो विनियोजन ऐन पास गर्ने गर्याछौ यो त अब भोलिका दिनमा पनि पर्छ । हरेक वर्ष बजेट पेश गरिरहँदा विनियोजन ऐन त पास गर्नै पर्छ । यिनै दुईटा ऐनको भरमा काम गरेका थियौ त्यस भन्दा बाहेक के भनेर सोध्दा प्रचलित कानून प्रचलित कानून भन्ने बाहेक अर्को जवाफ थिएन त्यसकारण अब यसले अब हामीले यो प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धको जुन विधेयकमा छलफल गरिराखेका छौ र यो ऐन बनेपछि अब यसलाई सुव्यवस्थित रुपले परिचालन गर्नको निम्ति अब यसको अनुगमन नियमन गर्नको निम्ति नियन्त्रण गर्नको निम्ति अझ म त यी त प्रक्रिया भए यी त कार्यविधि भए यी कार्यविधिको सन्दर्भमा हामी चर्चा गर्न सकिन्छ म त के भन्न चाहन्छु भने अब प्रदेश सरकारको तीन तह, निकाय र कार्यालय संगको सम्बन्ध स्पष्ट गर्नको निम्ति अब हामीले प्रचलित ऐन भनिरहनु परेन । अब यही ऐनले हामीलाई स्पष्ट गर्ने भयो । निर्देशित गर्ने भयो । यो मैले अघि भन्दै थिए, हामीले यही शिलशिलामा विभिन्न संरचनाहरु निर्माण गर्यौं त्यो मध्येको एउटा महत्वपूर्ण संरचना नीति तथा योजना आयोग पनि हो । अब अहिले पनि म बेला बेलामा बडो अप्ठ्यारोमा परेको देखिरहन्छु । मन्त्रालयहरु सरकार नीति योजना आयोग छ, नीति योजना आयोगको काम के हो हामी चर्चा त गर्ने गर्या छौ यसले नीति निर्माण गर्ने यसले मूल कुरा नीति निर्माण गर्ने हो अथवा योजनाको संकलन गर्ने हो अथवा योजनाको बैङ्कको रुपमा योजना बैङ्कमै हामीले नीति योजना आयोगमै राखेका छौ त्यो बारेमा हाम्रो कानून थिएन अहिले सम्म स्पष्ट गरेको थिएन कुनै कानूनले यही कानूनले अब नीति योजना बैङ्क नीति योजना कार्यालयमा रहने अर्थात नीति योजना आयोगमा रहने भन्ने पनि स्पष्ट गरेको छ । मैले अब यो संगको सम्बन्ध र अब यी सबै विभिन्न मैले जुन नामहरु भने तिनीहरुको भूमिका बजेट निर्माणमा भूमिका देखि लिएर अब यी कार्यान्वयन प्रक्रियामा यिनीहरुको भूमिका के हुने

भन्ने कुरा पनि अब यसले यो कार्यविधिकै रुपमा स्पष्ट गरेको छ मैले यो कार्यविधिनै भएको हुनाले यो कसरी कसरी गर्ने भन्ने एउटा प्रक्रिया नै स्पष्ट गरेको हुनाले मैले यो विषयमा त्यति चर्चा गर्न चाहिन । जे होस्, अब यसमा दश वटा परिच्छेद रहेको अब एउटा त परिभाषाकै भै हाल्यो, त्यसपछि अब नौ वटा परिच्छेदमा मुख्य कामहरु यहाँ टिपिएकै छ । प्रदेश संचित कोषको संचालन, राजस्व र व्ययको अनुमान, बजेट निकाशा, खर्च र नियन्त्रण, कारोबारको लेखा, आन्तरिक नियन्त्रण तथा लेखा परिक्षण, बरबुझारथ, लिलाम विक्री तथा मिनाहा, सरकारी बाँकी असुल उपर, वित्तिय उत्तरदायित्व, जिम्मेवारी, जवाफदेहीता र विविधमा अब यो सार्वजनिक गर्नुपर्ने कुरा देखि लिएर प्रशासनिक सजायँका कुरा अरु सजायँ त हामीले गर्न पाउँदैनौं प्रशासनिक सजायँका कुरा र खारेजी र बचाउको कुरा अब यति कुरा उल्लेख छन् र यसैले अब यो विधि हामीले यो वित्तिय अनुशासन पारदर्शिता र जवाफदेहिता कायम गर्नको निम्ति के के गर्नुपर्छ कसरी गर्नुपर्छ भन्ने बारेमै यहाँ उल्लेख भएको हुनाले मैले यतातिर धेरै चर्चा गर्न चाहिन जे होस मैले चर्चा गरेर भन्न चाहेको कुरा यो महत्वपूर्ण विधेयक अर्थात् हाम्रो हामीलाई अघिनै वित्तिय सुशासनको कुरा आयो वित्तिय सुशासन कायम गर्न पारदर्शिता र जवाफदेहिता कायम गर्नको निम्ति आवश्यक यो विधेयक माथि हामी छलफल गरिराखेका छौं । यो यसको सकारात्मक पक्ष भयो । त्यसैकारण म सर्वप्रथम यसको समर्थन गर्न चाहन्छु र यसमा अब केही अपुग विषयहरु पनि रहन गए यो अब हामीले चाहेर पनि यसलाई पुरा गर्न सकिदो रहेनछ । म विधायन समितिको पनि सदस्य भएको हुनाले त्यहाँ छलफल भएका दुईटा विषय रहे अब यसमा अब एउटा कुरा के छ भन्दा खेरी आन्तरिक लेखा परिक्षणको बारेमा अलि बहस भएको थियो त्यहाँ पनि आन्तरिक लेखा परिक्षण कसले गर्छ भन्दा हाम्रो प्रदेश लेखा नियन्त्रण कार्यालय मातहतको हाम्रो खाता संचित कोष नै त्यहाँ छ त्यसको नियन्त्रण नियमन यी आदि कुरा त्यसले गर्छ र त्यसै मातहतको कर्मचारी लेखा उत्तरदायी कर्मचारी अधिकृतको रुपमा रहेको हुन्छ र यहाँ के छ व्यवस्था भन्दा जसले हिसाब राख्छ लेखा राख्छ उसैले आन्तरिक लेखा परिक्षण गर्न पाउँदैन अर्कैले गर्नुपर्छ अर्को भनेको को प्रदेश लेखा नियन्त्रण कार्यालयकै मातहतको, भनेसी एउटै निकायको एउटै निकायले गर्यो कसरी विश्वसनियता हुन्छ यस बारेमा भिन्न

व्यवस्था गर्ने कि भनेर छलफल भयो अब त्यसको निम्ति अब सबैतिर बुझियो, छलफल गरियो । अब त्यसको तत्काल त्यस्तो संभावना देखिएन त्यसको निम्ति के उपयुक्त हुने रहेछ अलि छलफल पनि गरियो त्यसको निम्ति त्यस्तो विश्वसनिय समूह चाहियो त्यस्तो विश्वसनीय संस्था चाहियो त्यो कुन हो त थाहा छैन, अहिलेको स्थितिमा के रह्‍यो त्यो थाहा छैन । त्यो अब बनाउनु पर्यो त्यो खडा गर्नुपर्यो त्यस्तो विश्वसनिय समूह त्यस्तो विश्वसनीय संस्था खडा गर्नुपर्यो र त्यस्तो संस्थालाई त्यो आन्तरिक लेखा परिक्षणको जिम्मा दिनु पर्यो एउटा उपाय यो हुन सक्छ भनियो तर त्यसलाई हामीले यहाँ व्यवस्था गर्न सक्ने कुरो भएन । अहिले त्यस्तो विश्वसनीय संस्था पनि हामीले सिफारिस गर्न सक्ने अवस्था भएन एउटा अपुग त्यहाँ देखिन्छ अर्को कुरा हामीलाई समस्या, माननीय सभामुख - (माननीय सदस्य समय सकियो) मैले एउटा कुरा मात्रै थपे अर्को कुरा यो आन्तरिक ऋण लिने कुरामा पनि अब हाम्रो यहाँ यसमा व्यवस्था नभएको कुरा र यो संघीय सरकारले यो ऐन नबनाईकन पनि अप्ठ्यारो परेको कुरा समेत राखेर समग्रमा यो विधेयकको समर्थन गरेर विदा हुन्छु, धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब म माननीय अर्थ मन्त्री श्री रामजी प्रसाद बराल जीवनलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

माननीय सभामुख महोदय,

स्वभाविक रुपमा यो विधेयकको सन्दर्भमा दफावार छलफलको सन्दर्भमा केही आशंङ्काहरु, धेरै सुझावहरु र करिब करिब यो राम्रो छ भन्ने कुरा नै बढि भएको मैले अनुभूति गरे । सर्बप्रथम त म माननीयज्यूहरुलाई कुनै पनि विषयलाई आशंकाको कोणबाट पहिला हेर्न हुँदैन। विश्वाशको कोणबाट हेर्ने संस्कृति हामी बसाल्न जरुरी छ । सँग सगै आशंककाका कहीं न कहीं केही न केही इण्डिकेटर देखिए भने आशंका गर्नु अश्वाभाविक पनि होइन । यो विधेयक कार्यान्वयन हुन्छ कि हुँदैन, भन्ने

अर्को चिन्ता पनि यहाँ नेर देखियो । कार्यान्वयन गर्ने हामीले नै हो । सरकारको हिसाबले कहिले कोही सरकारमा हौंला, कहिले कोही सरकारमा हौंला । यो पनि हामीले नै बनाएको नियमका हिसाबले कानूनका हिसाबले भैराखेको कुरा छ । धेरै अब अन्यथा ठान्न पर्छ जस्तो पनि मलाई लाग्दैन । कता कता अभिब्यक्तिहरु अलि बिक्षिप्त भएर आएका हुन कि जस्तो पनि देखिने केही माननीयज्यूहरुको । यो होइन । किन भने हामीले जे नियम बनाएका छौं, जे प्रावधान हामीसँग छ । त्यो प्रावधानको परिधि भित्र बसेर भएका कुराहरु छन भने तिनलाई स्वभाविक रुपमा लिनु पर्छ । हामीले प्रावधान बनाए भन्दा बाहिरबाट भयो भने देखि त्यहाँ टिप्पणी गर्ने कुरा, मिले हुने कुरा, असन्तुष्टिहरु पोख्ने कुरा फेरी त्यो स्वभाविक नै हुन्छ । त्यसो भएको हिसाबले यता तिर पनि हाम्रा ध्यानहरु केन्द्रीत हुन जरुरी छ भन्ने कुरा मैले महसुस गरेको छु । गण्डकी प्रदेश सरकारले प्रदेश संचित कोष र अन्य सरकारी कोषको संचालन तथा ब्यवस्थापनका लागि प्रदेश आर्थिक ऐन २०७४ तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकेको कुरा बिदितै छ । सरकारले संघीय सरकारी कोषको संचालन, ब्यवस्थापन गर्न आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली स्वीकृत गरी कार्यान्वयनमा ल्याइसकेको सन्दर्भमा संघीय खर्च प्रणाली र प्रदेशको खर्च प्रणालीमा एकरुपता ल्याउन तथा प्रदेश संचित कोष र अन्य सरकारी कोषको संचालन तथा ब्यवस्थापन बजेट तर्जुमा , निकासा तथा खर्च आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण, लेखा परिक्षण जस्ता अन्य आर्थिक गतिविधिका लागि ब्यवस्थित गरी प्रदेश वित्तिय ब्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामुलक तथा उत्तरदायी बनाउन , समष्टिगत आर्थिक स्थायित्व कायम गर्न र प्रदेशको आर्थिक कार्यविधि नियमित तथा ब्यवस्थित गर्न जरुरी छ । यो अनुभूति हामी सबैले गरेकै छौं । किन भने प्रदेश सरकार बनेको झण्डै ४ वर्ष पुगेर ५ वर्षमा हामी प्रवेश गर्दै छौं । यो हामीलाई पहिल्यै कुरा आइ नै सकेको छ । अब आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धि विधेयक र सम्मानित सदनमा पेश भैकन पनि अब हामी यसको अन्तिम अन्तिम अवस्थामा आइराखेका छौं । विधायन समितिमा पनि ब्यवस्थित छलफल यद्यपि धेरै बास बस्यो भन्ने कुरा पनि आयो । बास

बसेको कुरा पनि साचै हो । किन भने अहिले त ७८ हो ७७ देखिको कुरा । विधायन समितिमा पनि बढो ब्यवस्थित हिसाबले छलफल गर्नु भएको छ । सर्वसम्मत हिसाबले यहाँ आइसकेको छ । त्यहाँ एकमतले जो भन्नुस न अगाडि ल्याउनु भयो म विधायन समितिलाई पनि विशेष हिसाबले धन्यवाद दिन चाहन्छु। सँग-सँगै अहिले अझ यो सम्मानित सदनमा हामी करिब छलफलकै प्रकृयामा छौं । गण्डकी प्रदेश सरकारको आर्थिक प्रणालीलाई ब्यवस्थित बनाउने उद्देश्य सहित पेश भएको यस विधेयकमा माननीयज्यूहरुले राख्नु भएको जिज्ञासा र प्रस्तुत गर्नु भएको सुझाब उपयुक्त नै लाग्छ । यसलाई सरकारको तर्फबाट ग्रहण गर्दै निर्मित कानूनहरुको प्रभावकारी कार्यान्वयन महत्वपूर्ण हुने भएकाले हामी सबैको यसको कार्यान्वयनमा जोड रहनुपर्छ, रहन्छ भन्ने पनि विश्वास मैले लिएको छु । सरकारी खर्चलाई प्रभावकारी बनाउने सार्वजनिक वित्त ब्यवस्थापनमा सुधार ल्याउने र वित्त सुशासन कायम गर्न यसै विधेयकको प्रावधान अनुसार अझै हामीले नियमावली बनाउन बाँकी छ । नियमावली बनाएर यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । नियमावली बनिसकेपछि अझै यो ब्यवस्थित बन्छ भन्ने कुरा पनि हामी सबैले बुझेका छौं र म महत्वपूर्ण सुझाव राख्नु हुने माननीयज्यूहरु प्रति यो विधेयक तपाईंलाई राम्रो बनाउने सन्दर्भमा हरेक क्षेत्रबाट किन भने विधायन समितिमा सम्बन्धित सरोकार पक्षहरु लाई आमन्त्रीत गरेर पनि विधेयकलाई राम्रो बनाउनका निम्ति प्रयास गर्नु भयो । म ती सबै आमन्त्रीत ब्यक्तित्वहरु प्रति पनि हृदय देखि नै हार्दिक धन्यवाद भन्न चाहान्छु  र माननीयज्यूहरुले जसरी सुझावहरु राख्नु भएको छ, फेरी एकचोटी धन्यवाद भन्दै आशंका अविश्वासलाई चिर्दै फेरी हामी एकताबद्ध हुँदै गण्डकी प्रदेशको समग्र विकासको निम्ति केन्द्रीत हुन जरुरी छ । यो विधेयक अर्थमन्त्रालयलाई मात्रै आवश्यक होइन, अर्थमन्त्रालयलाई यसै होनै फेरी तपाईं अरु मन्त्रालयहरुलाई पनि हो । मन्त्रालय मात्रै होइन, अन्य सरकारी कोषहरु पनि छन् । ती अन्य सरकारी कोषहरुलाई समेत यो विधेयकको खांचो परेको कुरा बिदितै थियो । यो सदनबाट पास भैसकेपछि हाम्रा धेरै अफठ्याराहरु, धेरै गाँठाहरु फुक्नेछन् भन्ने विश्वास पनि यहाँ ब्यक्त गर्दै भनाई अन्त्य गर्न चाहान्छु, धन्यवाद ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्यहरु, यो छलफल यही समाप्त हुन्छ । माननीय सदस्यहरु अब म प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको क्रम संख्या १ देखि ५ सम्म उल्लेखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नु होला र बिपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नु होस्, यसको बिपक्षमा हुने माननीय सद्स्यहरुले हुन्न भन्नु होस् । हुन्न भन्ने आवाज सुनिएन, तसर्थ प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको संशोधनको क्रम सङ्ख्या १ देखि ५ सम्म उल्लेखित संशोधन सर्वसम्मतिले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रम संङ्ख्या १ देखि ५ सम्म उल्लेखित संशोधन प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनोस् भने निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको बिपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नु हो, यसको बिपक्षमा माननीय सदस्यले हुन्न भन्नु होस्। हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रम सङ्ख्या १ देखि ५ सम्म उल्लेखित संशोधन

सर्वसम्मतिले प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरु अब म बिधेयकको दफा १ देखि ६२ सम्म प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नु होला र यसको बिपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस्, यसको बिपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ विधेयकको दफा १ देखि ६२ सम्म सर्वसम्मतिले प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म विधेयक प्रस्तावना र नाम पढेर सुनाउँछु । प्रस्तावना : प्रदेश संचित कोष र अन्य सरकारी कोषको संचालन तथा ब्यवस्थापन, बजेट तर्जुमा, निकासा तथा खर्च आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन आन्तरिक नियन्त्रण लेखा परिक्षण तथा अन्य आर्थिक गतिविधिलाई ब्यवस्थित गरी प्रदेश वित्तिय ब्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामुलक तथा उत्तरदायी बनाउन समष्टिगत आर्थिक स्थायित्व कायम गर्न र प्रदेशको आर्थिक विधि नियमित तथा ब्यवस्थित गर्ने सम्बन्धमा ब्यवस्था गर्न बाञ्छनिय भएकोले गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भ : १) यस ऐनको नाम प्रदेश आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व ऐन २०७८ रहेको छ । २) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ । अब म बिधेयकको प्रस्तावना र नाम प्रदेश आर्थिक कार्यविधि तथा वित्तय उत्तरदायित्व सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधेयकको अङ्ग बनोस भनी निर्णयार्थ प्रस्तुत गर्दछु । यो

प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नु होला र यसको बिपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नु होला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस्,

यसको बिपक्षमा माननीय सदस्यले हुन्न भन्नुहोस् । हुन्न भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयकको अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरु अब म अर्थमन्त्री रामजी प्रसाद बराल जीवनलाई प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

## माननीय अर्थमन्त्री रामजी प्रसाद जीवन

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा २०७७ चैत्र २६ गते सभामा प्रस्तुत भै मिति २०७७ चैत्र २७ गते विधायन समितिमा दफावार छलफलको लागि पठाइएकोमा समितिबाट प्रतिवेदन सहित प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा ब्यवस्था गर्न विधेयक प्राप्त हुन आएकोले प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम समितिको प्रतिवेदन सहित विधेयक पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्दछु ।

रामजी प्रसाद बराल जीवन ।

अर्थमन्त्री २०७८।१२।२३ धन्यवाद ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्यहरु, अब म उक्त प्रस्तावलाई निर्णायार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नु होला र यसको बिपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नु होला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नु होस् , यसको बिपक्षमा हुने माननीय सदस्यले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधेयक सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

मानननीय सदस्यहरु अब म माननीय उर्जा जलश्रोत तथा खानेपानी मन्त्री श्री हरिशरण आचार्यलाई गण्डकी प्रदेशमा खानेपानी तथा सरसफाई सम्बन्धी ब्यवस्था गर्न बनेको विधेयक सम्मानित सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

## माननीय उर्जा जलश्रोत तथा खानेपानीमन्त्री हरिशरण आचार्य

माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले गण्डकी प्रदेश भित्र शहरी एवम ग्रामिण बस्तीमा स्वच्छ, गुणस्तरीय, सर्वसुलव र सुरक्षित रुपमा खानेपानी आपुर्ति गरी जनस्वास्थ्यको रक्षा गर्न, सरसफाईको ब्यवस्था गर्न, एवम ढल निकास तथा फोहोर पानीको ब्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम गर्न र सोको प्रभावकारी निगरानी अनुगमन र नियमन गर्न बाञ्छनिय भएकोले गण्डकी प्रदेशमा खानेपानी तथा सरसफाई सम्बन्धी ब्यवस्था गर्न बनेको विधेयक २०७८ नेपालको संविधानको धारा १९८ को उपधारा १ तथा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम १०६ बमोजिम सम्मनित सभा समक्ष प्रस्तुत गर्दछु ।

मिति २०७८।१२।२३

हरिशरण आचार्य उर्जा जलश्रोत तथा खानेपानी मन्त्री धन्यवाद ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्यहरु, अब म कानून संचार तथा प्रदेश सभा मामिला मन्त्री श्री बिन्दुकुमार थापालाई केही गण्डकी ऐनलाई संशोधन गर्न बनेको विधेयक सम्मानित सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

## माननीय कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दुकुमार थापा

माननीय सभामुख महोदय, माननीय सभमुखको अनुमतिले प्रचलित प्रदेश ऐनमा समसामयिक सुधार गर्न केही प्रदेश ऐनलाई संशोधन गर्न बाञ्छनिय भएकोले केही गण्डकी प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक नेपालको संविधानको धारा १९८ को उपधारा १ तथा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम १०६ बमोजिम सम्मानित सभामा प्रस्तुत गर्दछु ।

मिति २०७८।१२।२३

बिन्दुकुमार थापा

कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्री, धन्यवाद ।

## माननीय सभामुख नेत्रनाथ अधिकारी

माननीय सदस्यहरु अब म माननीय कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्री श्री बिन्दुकुमार थापालाई गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक सम्मनित सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

## माननीय कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दुकुमार थापा

माननीय सभामुख महोदय, मानननीय सभामुखज्यूको अनुमतिले सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन राज्य र नागरिकको हितमा प्रतिकुल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा कानूनी ब्यवस्था गर्न बाञ्छनीय भएकोले गण्डकी प्रदेशमा सूचनाको हक प्रचलन गराउने सम्बन्धमा बनेको विधेयक नेपालको संविधानको धारा १९८ को उपधारा १ तथा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।

मिति २०७८। १२।२३

विन्दु कुमार थापा, कानून संचार तथा प्रदेश सभा मामिला मन्त्री धन्यवाद ।

**माननीय सभामुख नेत्रनाथ अधिकारी**

माननीय सदस्यहरु अब यो बैठक मिति २०७८ साल चैत्र २४ गते दिनको १ बजे सम्मको लागि स्थगित हुन्छ ।